# गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरुको बसाई तथा खर्चको प्रवृत्ति

## विशेष अध्ययन प्रतिवेदन

## आ.व. २०८०/८१

नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय, अनुसन्धान इकाई
२०८१ असार

# प्राक्कथन

जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधतायुक्त गण्डकी प्रदेशको समृद्धिको प्रमुख संवाहक पर्यटन क्षेत्र हो । पर्यटन क्षेत्रमा प्रचुर सम्भावना रहेको गण्डकी प्रदेश मनोरञ्जन, साहसिक, धार्मिक लगायत विभिन्न प्रकारका पर्यटनका लागि प्रसिद्ध छ । यस्तो प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण यस प्रदेशमा वर्षेनी स्वदेश तथा विदेशबाट ठूलो संख्यामा पर्यटकको आगमन हुने गरेको छ । प्रदेशको आर्थिक विकास तथा रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको योगदान थप बलियो बनाउन पर्यटक केन्द्रीत नीति निर्माण गर्न पर्यटकहरुको बसाई तथा खर्चको प्रवृत्तिको अध्ययन गर्न जरुरी देखिन्छ । तथापी यस्तो अध्ययन विगतमा भएको नदेखिएकाले यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को कार्ययोजनामा उल्लेख भएको विशेष अध्ययनका लागि यो विषय चयन गरिएको हो ।

गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरुको औसत बसाई अवधि, शिर्षकगत खर्चको प्रवृत्ति र भुक्तानीका माध्यमको विश्लेषण गर्नुका साथै पर्यटकहरुले सामना गर्नुपरेका कठिनाइहरुको पहिचान गर्ने मुख्य उद्देश्य यस अध्ययनको रहेको छ । यस सर्वेक्षणबाट गण्डकी प्रदेश भ्रमण गर्ने पर्यटकहरूको यस प्रदेशमा औसत बसाई अवधि १२ दिन र पर्यटकहरुको भारित औसत दैनिक खर्च रु ८,३५५.२९ (अमेरिकी डलर ६२.८९) रहेको पाईएको छ । भुक्तानीका माध्यम प्रयोगको विश्लेषण गर्दा यस सर्वेक्षणमा संलग्न पर्यटकहरुमध्ये नगदको माध्यमबाट ९४.९३ प्रतिशत पर्यटकले भुक्तानी गर्ने गरेको पाईएको छ । सर्वेक्षणमा समावेश पर्यटकहरुमध्ये केही पनि समस्या अनुभव नगरेका पर्यटकहरु २८.४१ प्रतिशत भएतापनि बाँकी ७१.५९ प्रतिशत पर्यटकहरुले विभिन्न समस्याहरु जस्तै भाषागत समस्या, पर्यटन सूचनाको कमी, यातायातको समस्या, सुरक्षाको समस्या, भुक्तानीमा समस्या, सास्कृतिक फरकपनाले निम्त्याएको समस्या इत्यादि भोग्नु परेको पाईयो ।

प्रस्तुत सर्वेक्षणबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा यस अध्ययनको नतिजाले गण्डकी प्रदेशको आर्थिक विकास तथा रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको योगदान थप बलियो बनाउन पर्यटक केन्द्रीत नीति निर्माण तथा पर्यटक लक्षित कार्यक्रमहरु संचालन गर्न थप टेवा पुग्ने विश्वास लिएकी छु। अन्त्यमा, अध्ययन कार्य सम्पन्न गर्न आवश्यक तथ्यांङ्क, विवरण र सुझाव उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने पर्यटकहरु प्रति आभार व्यक्त गर्न चाहन्छु। प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री नबिना ढकाल र श्री रञ्जना शर्मा, सहायक निर्देशक श्री दल बहादुर थापा, श्री ओमप्रकाश पोखेल, श्री विजया गौतम र श्री विक्रम बुढाथोकी, प्रधान सहायक श्री ध्रुवप्रसाद पोखरेल र श्री याम बहादुर रानाभाट तथा सहायक श्री सूर्यप्रसाद पौडेल र श्री नविन भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, नेपाल राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागबाट प्राप्त सुझाव र मार्गनिर्देशनका लागि हार्दिक आभार प्रकट गर्दछु ।

**बिना ढकाल पौडेल**

**निर्देशक**

# विषय सूची


| **शीर्षक** | **पेज नं** |
|---|---|
| कार्यकारी सारांश | क-घ |
| परिच्छेद १: अध्ययन परिचय | १-४ |
| १.१ पृष्ठभूमी | १ |
| १.२ अध्ययनको उद्देश्य | २ |
| १.३ अध्ययनको औचित्य र महत्व | २ |
| १.४ अध्ययन विधि | २ |
| १.४.१ अध्ययनको ढाँचा | २ |
| १.४.२ कुल जनसंख्या तथा नमूना छनौट | ३ |
| १.४.३ जिल्ला छनौट | ३ |
| १.४.४ तथ्याङ्क संकलन | ३ |
| १.४.५ तथ्याङ्क विश्लेषण विधि | ४ |
| १.५ अध्ययनका सीमाहरु | ४ |
| १.६ प्रतिवेदनको ढाँचा | ४ |
| परिच्छेद २: अध्ययन समीक्षा | ५-८ |
| २.१ अर्न्तराष्ट्रियस्तरका अध्ययनहरुको समीक्षा | ५ |
| २.२ राष्ट्रियस्तरका अध्ययनहरुको समीक्षा | ६ |
| परिच्छेद ३: तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण | ९-२२ |
| ३.१ जनसांख्यिक विशेषता | ९ |
| ३.१.१ लैङ्गिक विवरण | ९ |
| ३.१.२ क्षेत्रगत पर्यटक आगमन | ९ |
| ३.१.३ उमेर समूह | १० |
| ३.२ भ्रमणको उद्देश्य | १० |
| ३.२.१ उमेरको आधारमा भ्रमणको उद्देश्य | ११ |
| ३.३. भ्रमणको संख्या | १२ |
| ३.४. भ्रमण पार्टनर | १२ |
| ३.५. पर्यटकहरुको औसत बसाई अवधि | १३ |
| ३.५.१. लिङ्गका आधार औसत बसाई अवधि | १३ |
| ३.५.२. उमेरका आधारमा औसत बसाई अवधि | १३ |
| ३.५.३. महादेशगत औसत बसाई अवधि | १४ |
| ३.५.४. जिल्लाका आधार औसत बसाई अवधि | १५ |

| | |
|---|---|
| ३.६. बसाईको अनुभव | १५ |
| ३.७. पर्यटकले भोगेका समस्या र चुनौती | १६ |
| ३.८. भ्रमणको तरिका | १६ |
| ३.९. पर्यटकहरुको खर्च प्रवृत्ति | १७ |
| ३.९.१ पर्यटकहरुको शिर्षकगत खर्चको विश्लेषण | १७ |
| ३.९.२ उमेरका आधारमा खर्च प्रवृत्ति | १८ |
| ३.९.३. लिङ्गका आधारमा खर्चको प्रवृत्ति | १९ |
| ३.९.४. महादेशका आधारमा खर्चको प्रवृत्ति | १९ |
| ३.१०. भुक्तानीका माध्ययम | २० |
| ३.११. पर्यटकहरुले प्रदान गरेका सुझावहरु | २१ |
| परिच्छेद ४: निष्कर्ष तथा सुझावहरु | २३-२५ |
| ३.१. निष्कर्ष | २३ |
| ३.२. सुझावहरु | २४ |
| सन्दर्भ सामग्री (References) | २६-२७ |
| अनुसूची | २८-३० |

# तालिका सूची


| **शीर्षक** | | **पेज नं** |
|---|---|---|
| तालिका ३.१.२ | : महादेशका आधारमा पर्यटकको संख्या | १० |
| तालिका ३.१.३ | : पर्यटकहरुको उमेर समूह | १० |
| तालिका ३.२ | : पर्यटकहरुको भ्रमणको उद्देश्य | ११ |
| तालिका ३.५.१ | : लिङ्गका आधार औसत बसाई अवधि | १३ |
| तालिका ३.७ | : समस्या र चुनौतीहरु | १६ |
| तालिका ३.८ | : पर्यटकहरुको भ्रमणको तरिका | १७ |
| तालिका ३.९.१ | : पर्यटकहरुको खर्च प्रवृत्ति | १८ |
| तालिका ३.९.४ | : महादेशको आधारमा पर्यटकको खर्च प्रवृत्ति | २० |
| तालिका ३.१० | : भुक्तानीको माध्यम | २१ |

# चार्ट सूची


| शीर्षक | | पेज नं |
|---|---|---|
| चार्ट ३.१.१ | : पर्यटकहरुको लैङ्गिक विवरण | ९ |
| चार्ट ३.२.१ | : पर्यटकहरुको उमेरगत भ्रमणको उद्देश्य | ११ |
| चार्ट ३.३ | : पर्यटकहरुको भ्रमणको संख्या | १२ |
| चार्ट ३.४ | : भ्रमण पार्टनर | १२ |
| चार्ट ३.५.२ | : उमेरका आधारमा औसत बसाई अवधि | १४ |
| चार्ट ३.५.३ | : महादेशका आधारमा औसत बसाई अवधि | १४ |
| चार्ट ३.५.४ | : गण्डकी प्रदेशमा औसत बसाई अवधि | १५ |
| चार्ट ३.६ | : पर्यटकहरुको बसाइ अनुभव | १५ |
| चार्ट ३.९.२ | : उमेरगत खर्च प्रवृत्ति | १८ |
| चार्ट ३.९.३ | : लैङ्गिक आधारमा खर्च प्रवृत्ति | १९ |

## कार्यकारी सारांश

- पर्यटन क्षेत्रमा प्रचुर सम्भावना रहेको गण्डकी प्रदेश संस्कृति र प्रकृतिको संगम स्थल भएकाले मनोरञ्जन, साहसिक, धार्मिक लगायत विभिन्न प्रकारका पर्यटनका लागि प्रसिद्ध छ। प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण गण्डकी प्रदेशमा वर्षेनी स्वदेश तथा विदेशबाट ठूलो संख्यामा पर्यटकको आगमन हुने गरेको छ।
- गण्डकी प्रदेश भ्रमण गर्ने विभिन्न देशका पर्यटकहरुको बसाई तथा खर्चको प्रवृत्तिको अध्ययनले पर्यटक लक्षित नीति निर्माण गर्न टेवा पुऱ्याउन सक्ने देखिएतापनि यस प्रकारका अध्ययन विगतमा भएको नदेखिएकाले यो अध्ययन गरिएको हो।
- अध्ययनमा पर्यटकको आगमनको संख्या, पर्यटन पूर्वाधारको विकास तथा पर्यटकीय गतिविधिका आधारमा कास्की, मुस्ताङ, मनाङ, म्याग्दी, गोरखा र नवलपरासी (पूर्व) गरी ६ जिल्लालाई समावेश गरिएको र छनौट भएका जिल्लाहरुबाट Random Sampling नमुना छनौट विधि प्रयोग गरी निर्धारित संख्यामा नमुना संकलन गरिएको छ।
- छनौटमा समावेश गरिएका पर्यटकहरुमध्ये ६२.७५ प्रतिशत पुरुष पर्यटक, ३७ प्रतिशत महिला पर्यटक र ०.२५ प्रतिशत अन्य पर्यटक रहेका छन्।
- यस अध्ययनमा विश्वका ४१ देशहरुबाट गण्डकी प्रदेशमा भ्रमण गर्ने पर्यटकहरु समावेश भएकोमा सबैभन्दा बढी पर्यटकहरु आउने देश भारत, फ्रान्स, अमेरिका, बेलायत र अष्ट्रेलिया रहेको पाइएको छ। सबैभन्दा बढी युरोप महादेशबाट ४६.२५ प्रतिशत पर्यटकहरु आएको पाइएको छ भने सबैभन्दा कम दक्षिण अमेरिका महादेशबाट ०.७५ प्रतिशत पर्यटकहरु आएको देखिएको छ। अफ्रिका महादेशबाट गण्डकी प्रदेशमा पर्यटकहरु आएको पाईएन।
- गण्डकी प्रदेशमा आउने पर्यटकहरुमध्ये ३१ देखि ४५ वर्ष उमेर समूहका पर्यटकहरु सबैभन्दा बढी ३३ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम २० वर्षसम्म उमेर समूहका पर्यटकहरु १.५ प्रतिशत रहेको देखिएको छ।
- गण्डकी प्रदेशमा पर्यटकहरु विभिन्न उद्देश्य लिएर भ्रमण गर्ने गरेकोमा सबैभन्दा बढी पर्यटक साहसिक क्रियाकलापमा संलग्न हुन ४०.१८ प्रतिशत र सबैभन्दा कम २.९८ प्रतिशत पर्यटकहरु व्यापारिक प्रयोजनका लागि आउने गरेको पाइएको छ।
- ३१ देखि ४५ उमेर समूहको पर्यटकहरु बढी साहसिक क्रियाकलाप, मनोरञ्जन र सांस्कृतिक क्रियाकलापमा संलग्न हुने गरेको पाइयो भने ४६ देखि ५५ उमेर समुहका पर्यटकहरु धार्मिक कार्यका लागि आउने गरेको देखिएको छ।
- यस प्रदेशमा पहिलोपटक आउने पर्यटकहरु ६८ प्रतिशत रहेका छन् भने ३२ प्रतिशत पर्यटक एकपटक भन्दा बढी पटक आउने गरेको पाइएको छ।
- एकलरुपमा भ्रमण गर्ने पर्यटकको संख्या ३४.७५ प्रतिशत, साथीसँग भ्रमण गर्ने पर्यटकको संख्या २८.७५ प्रतिशत, परिवारसँग भ्रमण गर्ने पर्यटकको संख्या २२.५० प्रतिशत र समूहमा भ्रमण गर्ने पर्यटकको संख्या

१४ प्रतिशत रहेको छ । यसरी पार्टनरको रुपमा आएका पर्यटकहरुमध्ये ४४.४ प्रतिशत महिला रहेका छन् ।

- यस सर्वेक्षणमा संलग्न गण्डकी प्रदेश भ्रमण गर्ने पर्यटकहरूको नेपालमा औसत बसाई अवधि २२ दिन रहेको पाइयो भने गण्डकी प्रदेशमा औसत बसाई अवधि १२ दिन रहेको पाईएको छ । उक्त सर्वेक्षणमा संलग्न पर्यटकहरुको नेपालको औसत बसाईको तुलनामा गण्डकी प्रदेशको औसत बसाई ५४.५५ प्रतिशत रहेको छ ।
- पुरुष पर्यटकहरुको तुलनामा महिला पर्यटकको औसत बसाई अवधि उच्च रहेको पाईएको छ । नेपाल भ्रमण गर्ने महिला पर्यटकहरुले औसतमा २५ दिन र पुरुष पर्यटकहरुले औसतमा २० दिन भ्रमण गर्ने गरेको पाईएको छ भने गण्डकी प्रदेशमा औसत बसाई अवधि पुरुष पर्यटकहरुको ११ दिन र महिला पर्यटकहरुको १३ दिन रहेको छ ।
- अध्ययनमा संलग्न पर्यटकहरुमध्ये ३१ देखि ४५ उमेर समूहका पर्यटकहरुको औसत बसाई अवधि उच्च (नेपालमा २५ दिन र गण्डकी प्रदेशमा १४ दिन ) रहेको देखियो । त्यसैगरी ५५ देखि बढी उमेर समूहका पर्यटकहरुको गण्डकी प्रदेशमा औसत बसाई अवधि सबैभन्दा न्यून (९ दिन) रहेको देखियो भने २० वर्षसम्म पर्यटकहरुको नेपालमा औसत बसाई अवधि सबैभन्दा न्यून (१९ दिन) रहेको पाईयो ।
- विभिन्न ६ महादेशबाट आएका पर्यटकहरुमध्ये **दक्षिण अमेरिका महादेशबाट आएका पर्यटकहरुको औसत बसाई अवधि सबैभन्दा धेरै १९ दिन रहेको पाइयो** भने सबैभन्दा कम औसत बसाई अवधि ९ दिन एसिया महादेशबाट आउने पर्यटकहरुको रहेको पाईयो । सबैभन्दा बढी र कम राष्ट्रिय औसत बसाई अवधि भने क्रमशः २८ दिन र १६ दिन रहेको छ ।
- गण्डकी प्रदेशका विभिन्न ६ जिल्लाबाट नमूना संकलन गरिएकोमा मनाङ जिल्लामा भेटिएका पर्यटकहरुको गण्डकी प्रदेशमा औसत बसाई अवधि सबै भन्दा धेरै (१८ दिन) र गोरखा जिल्लामा भेटिएका पर्यटकहरुको गण्डकी प्रदेशमा औसत बसाई अवधि सबै भन्दा न्यून (४ दिन) रहेको छ ।
- गण्डकी प्रदेशमा आउने पर्यटकहरुको प्रदेशमा बसाईको अनुभवप्रतिको दृष्टिकोण विश्लेषण गर्दा ६० प्रतिशत पर्यटकहरु एकदमै सकारात्मक, ३४.७५ प्रतिशत सकारात्मक, ५ प्रतिशत तटस्थ र ०.२५ प्रतिशत नकारात्मक रहेको छ । साथै, यस अध्ययनमा अत्यधिक नकारात्मक बसाई अनुभव भएका पर्यटकहरु भेटिएको छैन ।
- अध्ययनमा ८७ प्रतिशत पर्यटकहरुले आफ्नो बसाई अवधिमा गण्डकी प्रदेशबाट लिन सकिने सम्पूर्ण आनन्द लिन सकेको पाईयो भने बाँकी १३ प्रतिशतले भने पूर्ण आनन्द लिनका लागि थप दिन आवश्यक पर्ने बताएका छन् । यसका साथै, औसतमा आफ्नो बसाई अवधिमा २३ दिन थप गर्न सके मात्र गण्डकी प्रदेशबाट लिन सकिने सम्पूर्ण आनन्द लिन सक्ने देखिएको छ ।

- केही पनि समस्या अनुभव नगरेका पर्यटकहरु सबैभन्दा धेरै २८.४१ प्रतिशत पाइयो भने यातायातको समस्या भोगेका पर्यटक २३.११ प्रतिशत, भुक्तानीको समस्या भोगेका पर्यटकहरु १५.३४ प्रतिशत र भाषागत समस्याहरु पाएका पर्यटकहरु १२.३१ प्रतिशत रहेको पाइएको छ ।
- स्वतः स्फुर्त रुपमा आउने पर्यटकहरुको अंश ७६ प्रतिशत र प्याकेज टुर्समा आउने पर्यटकहरुको अंश २४ प्रतिशत रहेको छ। यसरी प्याकेज लिएर भ्रमण गर्न आउने पर्यटकहरुमध्ये राष्ट्रिय प्याकेज लिने पर्यटकहरुको अंश ५३.१२ प्रतिशत र अन्तर्राष्ट्रिय प्याकेज लिने पर्यटकहरुको अंश ४६.८८ प्रतिशत रहेको छ।
- यस अध्ययनमा समावेश पर्यटकहरुको भारित औसत दैनिक खर्च रु ८,३५५.२९ (अमेरिकी डलर ६२.८९) रहेको पाईएको छ। प्याकेज लिएर गण्डकी प्रदेश घुम्न आउने पर्यटकको औसत खर्च दैनिक रु ११,८६६.०९ (अमेरिकी डलर ८९.३१) रहेको पाईएको छ।  त्यसैगरी स्वतः स्फुर्त रुपमा खर्च गर्ने गरी गण्डकी प्रदेश भ्रमण गर्न आउने पर्यटकहरुको दैनिक औसत खर्च रु ७,२१७.३१ (अमेरिकी डलर ५४.३२) रहेको पाईएको छ।
- औसत दैनिक खर्चको हकमा पर्यटकहरुको सबैभन्दा बढी खर्च खानामा २८.२२ प्रतिशत रहेको छ भने बसाईमा २७.६ प्रतिशत, यातायात खर्चमा २१.७ प्रतिशत र मनोरञ्जनमा १२.३ प्रतिशत देखिएको छ।
- उमेर समुहका आधारमा पर्यटकहरुको खर्च गर्ने प्रवृत्ति विश्लेषण गर्दा यस प्रदेशमा आउने पर्यटकहरुमध्ये ४६ देखि ५५ उमेर समुहका पर्यटकहरुको बसाई खर्च, खानपिन खर्च र धार्मिक खर्च क्रमशः ३२.४९ प्रतिशत, २९.२६ प्रतिशत र १.५७ प्रतिशत पाइयो जुन अरु उमेर समूहको भन्दा बढी हो। त्यस्तै, २० बर्ष सम्मको उमेर समूहको यातायात खर्च (२४.०७ प्रतिशत) र किनमेल खर्च (९.६५ प्रतिशत) सबैभन्दा बढी देखिएको छ । २१ देखि ३० बर्ष उमेर समूहको पर्यटकहरुको मनोरञ्जन खर्च (१८.०७ प्रतिशत) र अन्य खर्च (३.३५ प्रतिशत) अन्य उमेर समूहको भन्दा बढी रहेको पाईएको छ।
- यस प्रदेशमा आउने पर्यटकहरुमध्ये लिङ्गका आधारमा खर्चको प्रवृत्ति सम्बन्धमा विश्लेषण गर्दा पुरुष पर्यटकको बसाई खर्च (२८.८७ प्रतिशत), धार्मिक खर्च (१.५० प्रतिशत) र अन्य खर्च (१.४० प्रतिशत) महिला पर्यटकको तुलनामा बढी पाइयो । साथै, महिला पर्यटकहरुको खानपिन खर्च (२८.५५ प्रतिशत), यातायात खर्च (२३.६१ प्रतिशत), मनोरञ्जन खर्च (१२.७८ प्रतिशत) र किनमेल खर्च (६.१२ प्रतिशत) पुरुष पर्यटकको तुलनामा बढी रहेको देखिएको छ।
- यस प्रदेशमा आउने पर्यटकहरुमध्ये महादेशका आधारमा खर्चको प्रवृत्ति विश्लेषण गर्ने क्रममा उत्तर अमेरिका महादेशबाट आउने पर्यटकहरुको बसाई खर्च (३०.०६ प्रतिशत) र यातायात खर्च (२६.७६ प्रतिशत) अन्य महादेशको तुलनामा बढी देखिएको छ। दक्षिण अमेरिका महादेशबाट आउने पर्यटकहरुको खानपिन खर्च (४०.८८ प्रतिशत), कर (१५.४३ प्रतिशत) र किनमेल खर्च (७.७१ प्रतिशत) अन्यको तुलनामा धेरै देखिएको छ। साथै, मनोरञ्जन खर्च (१५.८ प्रतिशत) मा युरोप महादेश, धार्मिक खर्चमा (२.०२ प्रतिशत) एशिया महादेश र अन्य खर्चमा (१.३ प्रतिशत) अष्ट्रेलिया महादेशबाट आउने पर्यटकहरुको संख्या बढी रहेको पाईएको छ।

- अध्ययनमा संलग्न पर्यटकहरुमध्ये नगदको माध्यमबाट ९४.९३ प्रतिशत पर्यटकले, कार्डको माध्यमबाट ४.९७ प्रतिशत पर्यटकले र मोबाइल वालेटको माध्यमबाट ०.१० प्रतिशत पर्यटकले विभिन्न खर्चका लागि भुक्तानी गर्ने गरेको पाईएको छ ।
- खर्चगत रुपमा भुक्तानीको माध्यमको विश्लेषण गर्दा बसाई खर्चको भुक्तानीका लागि सबैभन्दा धेरै ८७.८० प्रतिशत पर्यटकले नगदका माध्यमबाट, ११.९ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट र ०.३० प्रतिशत पर्यटकले मोबाइल वालेटका माध्यमबाट भुक्तानी गर्ने गरेको देखिएको छ ।
- खानपिन खर्चको भुक्तानीका लागि सबैभन्दा धेरै ९१.४४ प्रतिशत पर्यटकले नगदका माध्यमबाट र ८.२६ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट भुक्तानी गर्ने गरेको पाईएको छ । त्यसैगरी यातायात खर्चको भुक्तानीका लागि सबैभन्दा धेरै ९६.६१ प्रतिशत पर्यटकले नगदका माध्यमबाट र ३.३९ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट भुक्तानी गर्ने गरेको भेटिएको छ ।
- पर्यटकले गर्ने गरेका विभिन्न पर्यटकीय क्रियाकलापका लागि भुक्तानी गर्ने क्रममा ९८.१६ प्रतिशत पर्यटकले नगदका माध्यमबाट र १.८४ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट भुक्तानी गर्ने गरेका छन् ।
- यसैगरी पर्यटकहरुले तिर्ने राजश्वमा पनि सबैभन्दा धेरै ९८.०२ प्रतिशत पर्यटकले नगदकै मार्फत भुक्तानी गर्ने गरेको पाईएको छ ।
- विभिन्न खर्चको भुक्तानी गर्दा नगद नै बढी प्रयोग हुनुको कारणहरुमा Card Reading मेसिन सबै ठाउँमा सहजै उपलब्ध नहुनु, भएकाले पनि सबै कार्ड स्वीकार नगर्नु, कमिसन शुल्क धेरै हुनु, कार्डबाट नगद निकाल्ने सीमा थोरै हुनु, सबै ठाउँमा अनलाईन भुक्तानी गर्न नसक्नु, E-Payment को Settlement मा ढिलाई हुनु, कार्डको माध्यमबाट भुक्तानी गर्दा वस्तु तथा सेवाको मूल्य नै बढी तिर्नुपर्ने आदि मुख्य कारणहरु देखिएका छन् ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमी

नेपालको मध्यभागमा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको गण्डकी प्रदेशको कुल क्षेत्रफल २१,७३३ वर्ग कि. मि. (कुल भू-भागको १४.६६ प्रतिशत) रहेको छ। प्रदेशको उत्तरी सीमामा चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा लुम्बिनी प्रदेशको पाल्पा जिल्ला र भारतको विहार राज्य, पूर्वमा बागमती प्रदेशका धादिङ र चितवन जिल्ला तथा पश्चिममा लुम्बिनी प्रदेशका पूर्वी रुकुम, रोल्पा, प्युठान, गुल्मी, पाल्पा र नवलपरासी (सुस्ता बर्दघाट पश्चिम) र कर्णाली प्रदेशको डोल्पा जिल्ला रहेका छन् । गण्डकी प्रदेशमा कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) गरी ११ जिल्लाहरु रहेका छन् । यस प्रदेशमा क्षेत्रफलका आधारमा नेपालकै ठूलो पोखरा महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह र ७५९ वडाहरु रहेका छन् । यस प्रदेशका १५०० देखि ३००० मिटर सम्मको क्षेत्रमा समशीतोष्ण हावापानी, ३००० देखि ४५०० मिटरको उचाइमा अल्पाइन हावापानी भएको हिमालय क्षेत्रहरू र उच्च हिमाली क्षेत्रमा टुन्ड्रा हावापानी पाइन्छ ।

गण्डकी प्रदेश संस्कृति र प्रकृतिको संगम स्थल हो । पर्यटन क्षेत्रमा प्रचुर सम्भावना रहेको यस प्रदेश मनोरञ्जन, साहसिक, धार्मिक लगायत विभिन्न प्रकारका पर्यटनका लागि प्रसिद्ध छ । प्रदेशको राजधानी पोखरा शहर सुन्दर दृष्यावलोकन, ताल तलैया, गुफाहरु, प्याराग्लाइडिङ, बन्जी, जिपफ्लायर लगायतका साहसिक पर्यटन तथा अन्नपूर्ण हिमश्रृंखला, माछापुच्छ्रे बेस क्याम्प, मर्दी लगायतका स्थानमा ट्रेकिङ लागि प्रख्यात छ। यसैगरी यस प्रदेशका हिमाली जिल्लाहरु मनाङ र मुस्ताङ आकर्षक पर्यटकीय गन्तव्यका लागि प्रख्यात छन् । मनाङ जिल्ला विश्वको सर्वोच्च उचाईमा अवस्थित तिलिचो ताल र थोराङ ला पासका लागि विश्व प्रख्यात छ भने मुस्ताङ जिल्ला मुक्तिनाथ क्षेत्रका कारण धार्मिक पर्यटन, सुन्दर दृष्यावलोकन र पदयात्राका लागि प्रख्यात छ । यसका अलावा यस प्रदेशका अन्य जिल्लाहरु धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटनका लागि प्रख्यात छन् । यस्तो प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण गण्डकी प्रदेशमा वर्षेनी स्वदेश तथा विदेशबाट ठूलो संख्यामा पर्यटकको आगमन हुने गरेको छ । संघीय तथा प्रदेश सरकारले पर्यटकको सुरक्षा, सुविधा र व्यवसायिकतामा ध्यान पुर्‍याउन सकेमा यस प्रदेशमा पर्यटक आगमनको संख्या वृद्धि गर्न सकिन्छ ।

पर्यटकको बसाई अवधिले उनीहरूले गन्तव्यमा बिताएको समयलाई मापन गर्दछ । यसले पर्यटन क्षेत्रले पारेको आर्थिक प्रभाव, मार्केटिङ रणनीतिहरूको प्रभावकारिता, र समग्र आगन्तुक सन्तुष्टिका बारेमा अन्तरदृष्टि प्रदान गर्ने भएकाले बसाई अवधिलाई पर्यटन उद्योगको महत्वपूर्ण सूचक मानिन्छ । त्यसैगरी, विभिन्न देशका पर्यटकहरुको खर्च गर्ने प्रवृत्तिको अध्ययनले पर्यटक लक्षित नीति निर्माण गर्न र आवश्यक पूर्वाधारको विकासका लागि टेवा पुर्‍याउन सक्छ । प्रस्तुत परिप्रेक्ष्यमा गण्डकी प्रदेश भ्रमण गर्ने विभिन्न देशका पर्यटकहरुको बसाई तथा खर्चको प्रवृत्तिको अध्ययन विगतमा भएको नदेखिएकाले यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को कार्ययोजनामा विशेष अध्ययनका

लागि ***"गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरुको बसाई तथा खर्चको प्रवृत्ति"*** शिर्षक छनौट गरी समावेश गरिएको हो ।

### १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरुको औसत बसाई अवधि, शिर्षकगत खर्चको प्रवृत्ति र प्रयोग गर्ने भुक्तानीका माध्यमको विश्लेषण गर्नु रहेको छ । यसका अतिरिक्त अध्ययन देहायका उद्देश्यमा केन्द्रित रहेको छ :

क) विदेशी पर्यटकहरुले विभिन्न शिर्षकमा गर्ने खर्चको पहिचान तथा विश्लेषण गर्ने,

(ख) विदेशी पर्यटकहरुले व्यतित गर्ने औसत बसाई अवधिको विश्लेषण गर्ने,

(ग) विदेशी पर्यटकहरुले खर्च भुक्तानी गर्दा प्रयोग गर्ने भुक्तानीका माध्यमहरुको पहिचान गर्ने,

(घ) विदेशी पर्यटकहरुले सामना गर्नुपरेका कठिनाइहरुको पहिचान गर्ने ,

(ङ) विदेशी पर्यटकहरु आकर्षित गर्न आवश्यक सुझाव पेश गर्ने ।

### १.३ अध्ययनको औचित्य र महत्व

गण्डकी प्रदेश पर्यटनका हिसावले प्रचुर सम्भावना बोकेको प्रदेश हो । प्रदेशको आर्थिक विकास तथा रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको योगदान थप प्रभावकारी बनाउन पर्यटक केन्द्रीत नीति निर्माण गर्न जरुरी देखिन्छ । प्रस्तावित अध्ययनवाट पर्यटकहरुको औसत बसाई र खर्चको प्रवृत्ति सम्वन्धी तथ्यांक तथा जानकारी प्राप्त भई नीति निर्माण गर्न तथा पर्यटक लक्षित कार्यक्रमहरु संचालन गर्न उपयोगी हुने अपेक्षा रहेको छ ।

### १.४ अध्ययन विधि

यस अध्ययनलाई प्रभावकारी, विश्वसनीय र उपयोगी बनाउन देहायका अध्ययन विधि अवलम्बन गरिएको छ ।

#### १.४.१ अध्ययनको ढाँचा

प्राथमिक र द्वितीय दुवै स्रोतबाट तथ्याङ्कहरुको संकलन गरिएको यस अध्ययनमा वर्णनात्मक ढाँचा प्रयोग गरिएको छ। प्रस्तुत अध्ययनका दुई आयामहरु रहेका छन् । प्रथमतः गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरुसँग प्रश्नावली तथा अन्य द्वितीय स्रोतहरुबाट प्राप्त हुने गुणात्मक तथा परिमाणात्मक तथ्याङ्क संकलन गरी गण्डकी प्रदेशमा विभिन्न देशका पर्यटकहरुले खर्च गर्ने शिर्षक, प्रयोग गर्ने भुक्तानी प्रणालीका माध्यमहरुको अवस्था र औसत बसाई अवधिको विश्लेषण गरिएको छ । दोस्रो, विभिन्न सरोकारवाला निकायहरुलाई समावेश गरी अध्ययन शुरु गर्नु अघि र प्रारम्भिक नतिजा विश्लेष्ण पश्चात गरी दुई पटक यस कार्यालयको सभाहलमा यस अध्ययनका बारेमा सामुहिक छलफलको आयोजना गरिएको छ । सामुहिक छलफलबाट प्राप्त भएका सुझावहरुलाई समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

### १.४.२ कुल जनसंख्या तथा नमूना छनौट

यस अध्ययनमा गण्डकी प्रदेश अन्तर्गत रहेका विभिन्न जिल्लाहरुमा आ.व. २०७९/८० मा भ्रमण गरेका विदेशी पर्यटकहरुलाई कुल जनसंख्याको रुपमा लिईएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशको तथ्याङ्कलाई आधार लिँदा आ.व. २०७९/८० मा गण्डकी प्रदेशमा भित्रिएका पर्यटकहरुको संख्या २,४५,७४९ रहेको र सोही संख्या नै यस अध्ययनका लागि कुल जनसंख्याको रुपमा लिई पर्यटकहरुको नमूना छनौट गरिएको छ।

आ.व. २०७९/८० मा गण्डकी प्रदेशमा भित्रिएका पर्यटकहरुको कुल जनसंख्याबाट देहाय बमोजिमको विधि अनुसार नमुना छनौट गरिएको छ (Yamane, 1967) .

आवश्यक नमुना संख्या (n) = $\frac{N}{1+N*e^2}$ .............(1)

where, N=Size of population= 245749, e=Error margin (5% for this purpose)

उल्लिखित नमूना छनौट विधि अनुसार पर्यटकको आगमनको संख्या, पर्यटन पूर्वाधारको विकास तथा पर्यटकीय गतिविधिका आधारमा विभिन्न जिल्लाहरुबाट ४०० पर्यटकहरुलाई नमुनाको रुपमा छनौट गरिएको छ।

### १.४.३ जिल्ला छनौट

अध्ययनमा पर्यटकको आगमनको संख्या, पर्यटन पूर्वाधारको विकास तथा पर्यटकीय गतिविधिका आधारमा कास्की, मुस्ताङ, मनाङ, म्याग्दी, गोरखा र नवलपरासी (पूर्व) गरी ६ जिल्लालाई समावेश गरिएको छ।

नमूना जिल्लाहरुमा रहेका पर्यटन व्यवसाय र पर्यटकीय गतिविधिहरुको संख्यात्मक भारको आधारमा कास्की जिल्लामा २२० जना (५५%), मनाङ जिल्लामा ६० जना (१५%), मुस्ताङ जिल्लामा ६० जना (१५%), म्याग्दी जिल्लामा २० जना (५%), गोरखा जिल्लामा २० जना (५%) र नवलपरासी (पूर्व) जिल्लामा २० जना (५%) नमुना संख्या निर्धारण गरिएको छ। छनौट भएका जिल्लाहरुबाट Random Sampling नमुना छनौट विधि प्रयोग गरी निर्धारित संख्यामा नमुना संकलन गरिएको छ।

### १.४.४ तथ्याङ्क संकलन

यस अध्ययनमा नमुनाको रुपमा छनौट गरिएका पर्यटकहरुलाई प्रश्नावलीको प्रयोग गरी प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको छ। सोधिएका प्रश्नावली अनुसूची १ मा प्रस्तुत गरिएको छ।

त्यसैगरी, नेपाल राष्ट्र बैंक पोखरा कार्यालयको सभाहलमा विभिन्न पर्यटन व्यवसायीहरुलाई समावेश गरी यस अध्ययनका बारेमा सामुहिक छलफलको आयोजना गरि तथ्याङ्कहरु तथा जानकारी संकलन गरिएको छ।

### १.४.५ तथ्याङ्क विश्लेषण विधि

अध्ययन मूलतः स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरण र सामुहिक छलफलको आधारमा सम्पन्न गरिएको छ । विभिन्न स्रोतहरुबाट सङ्कलित तथ्याङ्क तथा विवरणहरुलाई माइक्रोसफ्ट एक्सल प्रोग्रामको प्रयोग गरी औसत, प्रतिशत, तालिकीकरण, तथा रेखाचित्र लगायतका वर्णनात्मक विधि मार्फत विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनका सीमाहरु

यस अध्ययनका सीमाहरु देहाय बमोजिम रहेका छन् ।

क) गण्डकी प्रदेशका ११ मध्ये ६ जिल्लाहरुमात्र स्थलगत सर्वेक्षणमा समेटिएका छन् ।

ख) अध्ययन गरिने क्षेत्रको भु-बनावटका कारण हुने भौगोलिक कठिनाईले गर्दा सहज रुपमा पुग्न सकिने ठाउँमा मात्र स्थलगत निरिक्षण केन्द्रित छ ।

ग) यस सर्वेक्षणमा समावेश कुल ४०० पर्यटकहरूमध्ये १६ पर्यटकहरूको प्रतिक्रियाले नतिजा नै भ्रामक गर्न सक्ने देखिएकाले ती १६ पर्यटकहरुको प्रतिक्रियालाई Outliers मानि बाँकी ३८४ पर्यटकहरुको प्रतिक्रियालाई नै शत प्रतिशत मानि विश्लेषण गरिएको छ ।

घ) यस अध्ययनका क्रममा प्याकेज लिएर भ्रमण गर्ने पर्यटकहरुको शिर्षकगत खर्च विश्लेषण गर्न कठिनाई भएकाले शिर्षकगत खर्च विश्लेषण प्रयोजनार्थ स्वतः स्फुर्त रुपमा भ्रमण गर्ने पर्यटकहरुको खर्चको आधारमा विश्लेषण गरिएको छ ।

ङ) सीमित जनशक्ति, समय र वित्तीय साधनबाट अध्ययन सम्पन्न गर्नुपर्ने भएकाले पर्यटन क्षेत्रका सबै पक्षलाई समेटी यथोचित तथ्याङ्क संकलन र विश्लेषण पर्याप्त नहुन सक्दछ ।

च) नमुनाको रुपमा छनौट भएका पर्यटक तथा पर्यटन व्यवसायीहरुबाट स्थलगत रुपमा संकलन गरिएको विवरण तथा तथ्याङ्कलाई यथार्थ परक मानी विश्लेषणबाट आएको निष्कर्षले कुल जनसंख्याको यथार्थ रुपमा प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

## १.६ प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई ४ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमी, उद्देश्य, औचित्य र महत्व, अध्ययन विधि र अध्ययनको सीमा प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा यस अध्ययनसँग सम्बन्धित विभिन्न प्रकाशित कृतिहरुको समीक्षा गरिएको छ । तेस्रो परिच्छेदमा स्थलगत सर्वेक्षणमा समावेश भएका पर्यटकहरु बाट प्राप्त तथ्यांकहरुको विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ । अन्त्यमा, परिच्छेद ४ मा अध्ययनको सारांश, निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

## अध्ययन समीक्षा

यस परिच्छेदमा पर्यटकहरुको बसाई तथा खर्चको प्रवृत्ति, पर्यटकहरुले भोग्नु परेका समस्या तथा चुनौतीका साथै भुक्तानी प्रणाली सम्बन्धमा भएका विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरका अध्ययनहरुको समीक्षा गरिएको छ ।

### २.१ अर्न्तराष्ट्रियस्तरका अध्ययनहरुको समीक्षा

ब्राइडन र फेबर (१९७१) ले गरेको एक अध्ययनले क्यारेवियन क्षेत्रमा पर्यटकको संख्यामा तीव्र वृद्धि हुनुमा मौसम र समुद्री तटहरू, अन्तर्राष्ट्रिय यातायात, पर्यटकसँग असल सम्बन्ध र दृष्टिकोण, होटलको अवस्था, गर्न, हेर्न र किन्न सकिने चीजहरू, सडक, उपयोगिता र अन्य सेवाहरूका साथै मूल्य अवस्था जस्ता कारणहरु जिम्मेवार रहेको देखाएको छ ।

चिउ र अन्य (२०१५) ले युवा मलेशियन यात्रुहरुको स्वदेशी पर्यटनमा हुने व्यवहार र खर्च गर्ने प्रवृत्ति सम्बन्धी ६४३ वटा नमुना संकलन गरी गरेको अध्ययनमा अन्य उमेर समुहको तुलनामा युवा यात्रीहरू यात्रा गर्न र खर्च गर्न उदार रहने पाइएको छ । यसका साथै, उनीहरू आफूले भ्रमण गर्दा अधिकांश खर्च खाना, पेय पदार्थ, किनमेल, मनोरञ्जनमा गर्ने गरेको र स्मारिका, प्रवेश शुल्क र टिकटहरूमा कम खर्च गर्ने गरेको पाईयो ।

कोज्यान र स्टेजेलेका (२०१७) ले गरेको अध्ययनबाट विदेशी पर्यटकहरूको तुलनामा आन्तरिक पर्यटकहरूले स्थानीयहरूको खुशीमा बढी योगदान गरेको पाईयो । अध्ययनले आन्तरिक पर्यटकको आगमन र स्थानीयको खुशीयाली बीच सकारात्मक सम्बन्ध रहेको देखाएको छ भने अन्तर्राष्ट्रिय पर्यटकको आगमन र खुशी बीच कुनै सम्बन्ध नरहेको पाईएको छ । उक्त अध्ययनले स्थानीयको आयस्तर र स्थानीयहरूको खुशी बिच नकारात्मक सम्बन्ध रहेको पाएको छ ।

लुन (२०१७) ले सन् २००६ मा एम्स्टर्डम भ्रमण गरेका ६१८४ पर्यटकहरू तथा सन् २०११ का १०,१९९ पर्यटकहरूलाई समावेश गरी पर्यटकहरूको भ्रमण उद्देश्य तथा खर्चको प्रवृतिको विश्लेषण गरेका छन् । उनले सो अध्ययनमा इकोनोमेट्रिक विश्लेषण विधिद्धारा यात्रा उद्देश्य, कुल दैनिक खर्च र कुल बजेटको सम्बन्ध देखाएका छन् । उक्त अध्ययनले पर्यटकहरुले प्रतिदिन बजेटको ठूलो हिस्सा आवास, किनमेल, थिएटर र क्लबमा तथा बजेटको कम हिस्सा खाना, यातायात र पार्किङ, संग्राहालयमा खर्च हुने गरेको देखाउँछ । त्यसैगरी पर्यटकको बसाइको दिन वृद्धिसँगै कुल दैनिक खर्च घट्दै जाने पाईएको छ । उक्त अध्ययनबाट बिदा मनाउने प्रयोजनका लागि रहेका पर्यटकहरूको तुलनामा व्यापारिक प्रयोजनका लागि रहेका पर्यटकहरूभन्दा प्रति दिन खर्च कम गर्ने गरेको पाइएको छ । साथै, व्यापारिक प्रयोजनका लागि भ्रमण गर्नेले आवास र यातायातमा बढी खर्च तथा किनमेल, संग्रहालय र क्लबिङमा कम खर्च गरेको सो अध्ययनले देखाएको छ ।

स्टुईकुन र अन्य (२०१८) ले बैंककमा ४०० जना पर्यटकहरुको सहभागीतामा गरेको एक अध्ययनमा Chi- Square प्रयोग गरेर विभिन्न आय स्तर, पेशा, शिक्षा र देशसँग बैंकक भ्रमणको उद्देश्यको अन्तरसम्बन्ध विश्लेषण गरेका

छन् । सो अध्ययनबाट बैंककलाई भ्रमण गन्तव्यको रुपमा छान्नलाई उमेर र लिङ्गले असर गरेको देखिएन । पर्यटकहरूको बैंकक भ्रमणको विगतको अनुभव तथा उनीहरु गन्तव्यमा सन्तुष्ट भएमा त्यसले पुन: बैंकक भ्रमणलाई प्रभाव पार्ने देखिएको छ । साथै, देशका आधारमा युरोपेलीहरूले बैंककलाई अर्को गन्तव्यको ट्रान्जिटको रूपमा भ्रमण गर्ने गरेको पाईयो ।

स्यान्चेज र अन्य (२०१८) मा स्पेनको भूमध्यसागरीय समुन्द्र किनारमा भ्रमण गर्ने विदेशी पर्यटकहरूको बसाई अवधि र उनीहरुले गर्ने खर्च तथा अन्य क्रियाकलापका सम्बन्धमा सन् २००४ देखि २००९ सम्म १,८४,००० पर्यटकको तथ्याङ्कका आधारमा गरिएको अध्ययनमा पर्यटकको आर्थिक-सामाजिक तथा अन्य तत्वहरुले पर्यटकको बसाइ अवधि, दैनिक खर्च र उनीहरुले गर्ने क्रियाकलापमा प्रत्यक्ष सम्बन्ध रहेको देखाएको छ । सो अध्ययनका अनुसार, पर्यटकीय खर्चलाई पर्यटन क्षेत्रसंग सम्बन्धित आर्थिक तथा सामाजिक तत्वहरुले नै प्रभाव पार्ने र ती तत्वहरुमा गरिने रणनैतिक परिवर्तनले पर्यटकहरूको बसाईं अवधि बढाउन सकिने देखिएको छ ।

कोर्टेस (२०२१) ले कोलम्बिया भ्रमण गरेका ६५२ बिदेशी पर्यटकलाई Convenient sampling विधिद्वारा नमूनाको रुपमा छनोट गरी पर्यटकहरुमा असन्तुष्टिका बारेमा अध्ययन गरेका छन् । यातयातसँग सम्बन्धित भ्रमण रुटको अधिक र अनपेक्षित परिर्वतन, दुर्घटना, तथा यात्रामा असुरक्षित महशुस गर्नाले पर्यटकहरुमा असन्तुष्टि र तनाव सृजना गरेको पाईयो । त्यसैगरी, बसाई अवधिमा होटलमा कोलाहलयुक्त वातावरण, अपराध लगायतका कारणले असुरक्षित अनुभव हुनाले र होटल देखि भ्रमणस्थलको लामो दुरीले समेत पर्यटकहरुमा तनाव सृजना गरेको पाईयो । साथै, संस्कृति सम्बन्धी प्रभाव जस्तै भाषागत समस्या, सरसफाई र असुरक्षा लगायतका समस्याले समेत पर्यटकहरुमा असन्तुष्टि र तनाव सृजना गरेको पाईयो । र यी सबै सृजित तनाबले पर्यटकको भ्रमण सन्तुष्टिमा नकारात्मक प्रभाव पारेको पाईयो ।

अल्ताफ कुमार (२०२२) ले जम्मु र कश्मिरमा पर्यटकहरुको खर्च प्रवृत्ति सम्बन्धी अध्ययनमा पर्यटकले गर्ने खर्चलाई उमेर, बैवाहिक स्थितीका साथै भ्रमण साथीले असर गर्ने गरेको पाईयो । सो अध्ययनले मनोरञ्जन उद्देश्यले भ्रमण गर्ने पर्यटक अधिकांश उच्च आय भएका पर्यटक रहेको र पर्यटन प्रवर्धनका लागि सामाजिक सञ्जालहरुमा अभियान संचालन गर्न सकिने देखिएको छ भने टुर प्याकेजमा भ्रमण गर्ने पर्यटकको औसत बसाई धेरै हुने गरेको देखिन्छ । सो अध्ययन अनुसार पुरुष पर्यटकले महिला पर्यटकको तुलनामा ६.५ प्रतिशत कम खर्च गर्ने गरेको, विवाहितले ३.४ प्रतिशत बढी खर्च गरेको, सरकारी कर्मचारीले अन्यको तुलनामा ९.७ प्रतिशत बढी खर्च गर्ने गरेको पाईयो । साथै, उक्त अध्ययनबाट पहिलो पटक भ्रमण गर्नेले दोहोरिएर भ्रमण गर्नेले भन्दा ४.८ प्रतिशत बढी खर्च गर्ने र शाकाहारी भन्दा मांशाहारीले ४.८ प्रतिशत बढी खर्च गर्ने देखियो ।

## २.२. राष्ट्रियस्तरका अध्ययनहरुको समीक्षा

घिमिरे (२००९) का अनुसार पर्यटन क्षेत्रले ब्याकवर्ड र फर्वार्ड लिंकेजद्वारा सबै क्षेत्रहरूमार्फत नेपालको अर्थतन्त्रलाई गति दिने अपार सम्भावना बोकेको छ । त्यसैगरी, जलवायु परिवर्तन, वित्तीय संकट, प्रतिस्पर्धात्मक गहनता, रचनात्मकता र नवीनतामा जोड एवं नीतिलाई व्यवहारमा उतार्नु यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा पाएका छन् ।

दाहाल (२०१९)ले भक्तपुर दरबार स्क्वायरमा ५० जना पर्यटक तथा २५ जना स्थानीयलाई समावेश गरि गरेको एक अध्ययनमा पर्यटन विकासका समस्या र सम्भावनाको विश्लेषण गरेका छन् । Simple Random Sampling विधि प्रयोग गरिएको सो अध्ययनमा १६% सांस्कृतिक प्रयोजन, २०% पुरातात्विक क्षेत्रको अवलोकन गर्न, ४६% सामाजिक क्षेत्रको अवलोकन गर्न, तथा १०% अन्य प्रयोजनका लागि पर्यटकहरु आएको भेटियो । उक्त अध्ययनमा ७६ % उत्तरदाताले पर्यटनको स्थानीयस्तरमा सकारात्मक प्रभाव पारेको, १६ % ले नकारात्मक प्रभाव र ८ % ले कुनै प्रभाव नपारेको भनेका छन् भने पर्यटनबाट आयस्तरमा वृद्धि, रोजगारको अवसर, चेतनास्तरमा वृद्धि लगायतका प्रभाव पर्ने देखिएको छ ।

(बडाल र खरेल, २०१९) ले विदेशी पर्यटकहरूको मुख्य चासो नेपालको संस्कृति र प्रकृतिको गहन अध्ययन गर्नु रहेको पाएका छन् । उक्त अध्ययनबाट फोहोरमैला, धुलो र सडकको व्यवस्थापनमा स्थानीय सरकार सचेत हुदै पर्यटकको गन्तव्यमा सहज पहुँच, उनीहरुलाई नेपाली परम्परागत खाना र पर्यटकीय सर्किट पहिचान भएमा नेपालको पर्यटन क्षेत्र विकास हुने सम्भावना देखिन्छ ।

श्रेष्ठ (२०२१) ले पर्यटकहरूको गन्तव्यप्रतिको सन्तुष्टिका लागि कारक तत्वहरुको पहिचान गर्नुका साथै नेपालमा पुनः भ्रमण गर्ने उद्देश्यमा यी कारकहरूको प्रभावका बारेमा छलफल गर्ने प्रमुख उद्देश्यका साथ एक अध्ययन गरेकी छिन् । गण्डकी प्रदेशका विभिन्न स्थानबाट २०० पर्यटकहरुलाई प्रश्नावली मार्फत् गरिएका उक्त अध्ययनले  ऐतिहासिक र धार्मिक स्थलहरू, फरक जीवनशैली, पदयात्रा र पर्वतारोहण, साहसिक खेलकुद र पर्यटक गाइड सेवा जस्ता गन्तव्य विशेषताहरूप्रति सन्तुष्टिले नेपाल भ्रमण गर्ने बजेट यात्रुहरूको पुनः भ्रमणको सम्भावनालाई महत्वपूर्ण प्रभाव पारेको देखाउँछ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (२०२३) ले पर्यटकको आगमन सङ्ख्या, औसत बसाई, भ्रमणको उद्देश्य, प्रति दिन खर्च लगायत पर्यटकीय गतिविधि सम्बन्धी तथ्यांकहरु सार्वजनिक गरेको छ। उक्त तथ्यांक अनुसार २०२२ मा पर्यटकको आगमन सङ्ख्या अघिल्लो वर्षको तुलनामा ३०७ प्रतिशतभन्दा बढीले वृद्धि भई ६,१४,८६९ पुगेको छ। पर्यटक आएका शीर्ष पाँच देशहरुमा क्रमशः भारत (३४.०५%), संयुक्त राज्य अमेरिका (१२.५४%), यूके (७.३३%), अष्ट्रेलिया (४.३७%), र बंगलादेश (४.१३%) रहेका छन्। कुल अन्तर्राष्ट्रिय आगमन संख्या मध्ये, ५९२,६३१ (९६.४%) हवाईजहाजबाट र २२,२३८ (३.६%) जमिनबाट आएका छन्। पर्यटकको नेपालमा औसत बसाइ २०२१ मा १५.५ दिन बाट २०२२ मा आउँदा १३.१ दिनमा झरेको छ। त्यसैगरी भ्रमण उद्देश्यमा सबैभन्दा बढी ६४.७ प्रतिशत पर्यटक चाडपर्व र रमाइलोका लागि, १०.०३ प्रतिशत पर्यटक ट्रेकिङ र पर्वतारोहण सहित साहसिक कार्यका लागि, १२.८७ प्रतिशत तीर्थयात्राका लागि र बाँकी १२.३९ प्रतिशत अन्यका लागि आउने गरेका छन्। पर्यटकको प्रति दिन खर्च सन् २०२१ मा ४८ यू.एस डलर भएकोमा सन् २०२२ मा ४०.५ यू.एस डलरमा झरेको पाईएको छ।

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा 'प्रदेश समृद्धिको आधार पर्यटनको दिगो विकास' लाई पर्यटन क्षेत्रको दीर्घकालीन सोच बनाएको छ । जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधतायुक्त गण्डकी प्रदेशको समृद्धिको प्रमुख संवाहक पर्यटन क्षेत्र भएतापनि गण्डकी प्रदेश भ्रमण गर्ने विभिन्न

देशका पर्यटकहरुको बसाई तथा खर्चको प्रवृत्तिको अध्ययन विगतमा भएको देखिएन । विभिन्न देशका पर्यटकहरुको खर्च गर्ने प्रवृत्तिको अध्ययनले पर्यटक लक्षित नीति निर्माण गर्न र आवश्यक पूर्वाधारको विकासका लागि टेवा पुऱ्याउन सक्छ । पर्यटकको मुख्य गन्तव्यका रुपमा रहेको गण्डकी प्रदेशमा यस प्रकारको पर्यटकको बसाई तथा खर्च प्रवृत्ति विषयमा अध्ययन भएको नपाइएकाले यस अध्ययनले नीति निर्माण र पर्यटकका समस्या समाधान गर्न सहयोग पुग्ने अपेक्षा रहेको छ ।

लम्साल (२०१३) ले पोखरामा पर्यटकहरुको खर्च सम्बन्धी १७५ वटा नमुना संकलन गरी गरेको अध्ययनले पर्यटकले विभिन्न खर्च शीर्षकमा गर्ने खर्च फरक फरक देखाएको छ। उक्त अध्ययनमा तुलनात्मक रुपमा खाना र पेय पदार्थमा सबै भन्दा धेरै खर्च (३७.७१%) हुने देखिएको छ । उक्त अध्ययनमा विभिन्न देशका पर्यटकले गर्ने खर्च पनि फरक फरक देखिएको छ जसमा जर्मन पर्यटकको खर्च क्षमता धेरै (रु.१०,७९६।-) देखिन्छ भने थाई पर्यटकको खर्च गर्ने क्षमता कम (रु. १,१९५।-) देखिन्छ । पोखरामा आउने पर्यटकको मुख्य उद्देश्य मनोरञ्जन (४९.१४ %) र पदयात्रा (२१.७४%) देखिन्छ भने पर्यटकको औसत बसाई पोखरामा २.८९ दिन र नेपालमा औसत बसाई १३.७४ दिन रहेको देखिन्छ । सोही अध्ययनले पूर्वाधार विकास, प्रदुषण, गाईड र जानकारीको कमी, कर तथा शुल्कहरुलाई मुख्य चुनौतीको रुपमा देखाएको छ ।

बम (२०२२) ले गरेको पोखरामा पर्यटकको बसाई अवधि सम्बन्धी अध्ययन अनुसार पोखरामा पर्यटकहरुको औसत बसाई अवधि ९ दिन रहेको देखिएको छ । कम्तिमा १ दिन र अधिकतम ९० दिनसम्म पोखरामा बसेका २७५ पर्यटकहरुलाई समावेश गरिएको उक्त अध्ययनमा Ordinary Least Square Model र Zero Truncated Negative Binomial Regression Model को प्रयोग गरी पर्यटकको औसत बसाई अवधि र त्यसलाई प्रभाव पार्ने तत्वहरुका बारेमा अध्ययन गरिएको थियो । अध्ययनले भारत तथा अन्य देशका पर्यटकका तुलनामा चिनियाँ पर्यटक बढी समय बस्ने गरेको देखाएको थियो । त्यस्तैगरी, उक्त अध्ययनबाट बसाई अवधिलाई पर्यटकको शिक्षाको स्तरले सकरात्मक र पर्यटकले गर्ने कुल खर्चले नकारात्मक प्रभाव पारेको देखिन्छ ।

## परिच्छेद ३

## तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण


### ३.१ जनसांख्यिक विशेषता

यस खण्डमा गण्डकी प्रदेशमा विभिन्न देशहरुबाट आउने पर्यटकहरुको जनसांख्यिक विशेषताहरु जस्तै उमेर, लिङ्ग, राष्ट्रियता इत्यादि सम्बन्धी सङ्कलित तथ्यांकहरुलाई प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

### ३.१.१ लैङ्गिक विवरण

यस प्रदेशमा विभिन्न देशहरुबाट आएका पर्यटकहरुको तथ्यांक सङ्कलन गर्दा महिला, पुरुष साथै अन्य गरी ३ प्रकारका मानिसहरु आएको देखियो । यस अध्ययनको क्रममा गरिएको सर्वेक्षणमा पुरुष पर्यटक ६२.७५ प्रतिशत, महिला पर्यटक ३७ प्रतिशत र अन्य पर्यटक ०.२५ प्रतिशत समावेश रहका  छन् ।

चार्ट ३.१.१
पर्यटकहरुको लैङ्गिक विवरण




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.१.२ क्षेत्रगत पर्यटक आगमन

यस अध्ययनका लागि सङ्कलित तथ्यांकको आधारमा समीक्षा अवधिमा  विश्वका विभिन्न ४१ देशहरुबाट गण्डकी प्रदेशमा पर्यटकहरु भ्रमण गरेको पाइयो । सबैभन्दा बढी पर्यटकहरु आउने देशहरुमा भारत, फ्रान्स, अमेरिका, बेलायत र अष्ट्रेलिया रहेको पाइएको छ । सबैभन्दा बढी युरोप महादेशबाट ४६.२५ प्रतिशत पर्यटकहरु आएको पाइएको छ भने सबैभन्दा कम दक्षिण अमेरिका महादेशबाट ०.७५ प्रतिशत पर्यटकहरु आएको देखिएको छ । यस सर्वेक्षणमा अफ्रिका महादेशबाट गण्डकी प्रदेशमा भ्रमण गर्ने पर्यटकहरु छनौटमा परेका छैनन् ।

**तालिका ३.१.२**

**महादेशका आधारमा पर्यटक संख्या**

| महादेश | संख्या | प्रतिशत |
|---|---|---|
| एशिया | १४१ | ३५.२५ |
| युरोप | १८५ | ४६.२५ |
| दक्षिण अमेरिका | ३ | ०.७५ |
| उत्तर अमेरिका | ४६ | ११.५ |
| अष्ट्रेलिया | २५ | ६.२५ |
| कुल | ४०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.१.३ उमेर समूह

यस सर्वेक्षणबाट गण्डकी प्रदेशमा आउने पर्यटकहरुमध्ये ३१ देखि ४५ वर्ष उमेर समूहका पर्यटकहरु सबैभन्दा बढी ३३ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम २० वर्षसम्म उमेर समूहका पर्यटकहरु १.५ प्रतिशत रहेको देखियो ।

**तालिका ३.१.३**

**पर्यटकहरुको उमेर समूह**

| उमेर समूह | महिला | | पुरुष | | अन्य | | कुल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २० सम्म | २ | १.३५ | ४ | १.५९ | | | ६ | १.५० |
| २१ देखि ३० | ३१ | २०.९५ | ५४ | २१.५१ | १ | १००.०० | ८६ | २१.५० |
| ३१ देखि ४५ | ५५ | ३७.१६ | ७७ | ३०.६८ | | | १३२ | ३३.०० |
| ४६ देखि ५५ | ३२ | २१.६२ | ६५ | २५.९० | | | ९७ | २४.२५ |
| ५५ देखि बढी | २८ | १८.९२ | ५१ | २०.३२ | | | ७९ | १९.७५ |
| कुल | १४८ | १०० | २५१ | १०० | १ | १०० | ४०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.२ भ्रमणको उद्देश्य

गण्डकी प्रदेशमा भ्रमण गर्ने पर्यटकहरु एक भन्दा बढी उद्देश्य लिएर भ्रमण गर्ने गरेको पाइयो । सबैभन्दा बढी साहसिक क्रियाकलापमा ४०.१८ प्रतिशत, मनोरञ्जनका लागि २४.०३ प्रतिशत, सांस्कृतिक प्रयोजनका लागि १६.८४ प्रतिशत, धार्मिक प्रयोजनका लागि १०.१८ प्रतिशत, अन्य प्रयोजनका लागि ५.७९ प्रतिशत र २.९८ प्रतिशत पर्यटकहरु व्यापारिक प्रयोजनका लागि आउने गरेको पाइयो । कास्की जिल्लामा व्यापारिक प्रयोजनका लागि समेत पर्यटक आउने गरेको पाइयो ।

**तालिका ३.२**

**पर्यटकहरुको भ्रमणको उद्देश्य**

| विवरण | भ्रमणको उद्देश्य | | | | | |
|---|---|---|---|---|---|---|
| | साहसिक क्रियाकलाप | मनोरञ्जन | धार्मिक | व्यापारिक | सास्कृतिक | अन्य |
| पुरुष | १५० | ८५ | ४७ | ११ | ५१ | २१ |
| महिला | ७८ | ५२ | ११ | ६ | ४५ | १२ |
| अन्य | १ | | | | | |
| कुल | २२९ | १३७ | ५८ | १७ | ९६ | ३३ |
| प्रतिशत | ४०.१८ | २४.०३ | १०.१८ | २.९८ | १६.८४ | ५.७९ |


*** पर्यटकहरुले एक भन्दा बढी उद्देश्यका साथ भ्रमण गर्ने भएकोले सर्वेक्षणमा संलग्न पर्यटकको संख्या बढी देखिएको ।**

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.२.१ उमेरको आधारमा भ्रमणको उद्देश्य

यस प्रदेशमा आउने पर्यटकहरुमा ३१ देखि ४५ उमेर समूहको पर्यटकहरु बढी साहसिक क्रियाकलाप, मनोरञ्जन र सांस्कृतिक क्रियाकलापमा संलग्न हुने गरेको पाइयो भने ४६ देखि ५५ उमेर समुहका पर्यटकहरु धार्मिक कार्यका लागि आउने गरेको देखियो ।


चार्ट ३.२.१
पर्यटकहरुको उमेरगत भ्रमणको उद्देश्य




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.३. भ्रमणको संख्या


यस सर्वेक्षणमा समावेश भएका पर्यटकहरुमध्ये कतिपय पर्यटकहरु गण्डकी प्रदेशमा दोहोरिएर आउने गरेको पाइयो । यस प्रदेशमा पहिलोपटक आउने पर्यटकहरु ६८ प्रतिशत रहेको पाइयो भने ३२ प्रतिशत पर्यटक एकपटक भन्दा बढी पटक आउने गरेको पाइयो । दोहोरिएर आउने पर्यटकहरुमध्ये सबैभन्दा धेरै आउने पर्यटक तीस पटकसम्म आएको पाइयो । साथै, दोहोरिएर आउने पर्यटकहरुको बहुलक (Mode) दुई रहेको पाइयो ।




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.४. भ्रमण पार्टनर

सर्वेक्षणमा संलग्न पर्यटकहरुमध्ये एक्लै भ्रमण गर्ने पर्यटकको संख्या ३४.७५ प्रतिशत, साथीसँग भ्रमण गर्ने पर्यटकको संख्या २८.७५ प्रतिशत, परिवारसँग भ्रमण गर्ने पर्यटकको संख्या २२.५० प्रतिशत र समूहमा भ्रमण गर्ने पर्यटकको संख्या १४ प्रतिशत रहेको पाईयो । यसरी पार्टनरको रुपमा आएका पर्यटकहरुमध्ये ४४.४ प्रतिशत महिला रहेका छन्।




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.५. पर्यटकहरुको औसत बसाई अवधि

यस सर्वेक्षणमा समावेश कुल ४०० पर्यटकहरूमध्ये १६ पर्यटकहरूको प्रतिक्रिया असामान्य भएको र उक्त प्रतिक्रियाहरुलाई विश्लेषणमा समावेश गर्दा नतिजामा नै असर गर्ने देखिएकाले उक्त १६ पर्यटकहरुको प्रतिक्रियालाई Outliers मानिएको छ । तसर्थ पर्यटकहरुको बसाई अवधिको विश्लेषण प्रयोजनका लागि कुल ३८४ पर्यटकहरुको प्रतिक्रियालाई नै शत प्रतिशत मानी विश्लेषण गरिएको छ ।

यसरी विश्लेषण गर्दा यस सर्वेक्षणमा संलग्न गण्डकी प्रदेश भ्रमण गर्ने पर्यटकहरूको नेपालमा औसत बसाई अवधि २२ दिन रहेको पाइयो भने गण्डकी प्रदेशमा औसत बसाई अवधि १२ दिन रहेको पाईयो । उक्त सर्वेक्षणमा संलग्न पर्यटकहरुको नेपालको औसत बसाईको तुलनामा गण्डकी प्रदेशको औसत बसाई ५४.५५ प्रतिशत रहेको छ ।

तथापी Outliers मानिएका १६ पर्यटकहरूको प्रतिक्रियालाई मात्र विश्लेषण गर्दा ती पर्यटकहरूको गण्डकी प्रदेशमा औसत बसाई अवधि ११३ दिन रहेको पाईयो ।

#### ३.५.१. लिङ्गका आधार औसत बसाई अवधि

सर्वेक्षणमा संलग्न पुरुष पर्यटकहरुको तुलनामा महिला पर्यटकको औसत बसाई अवधि उच्च रहेको पाईयो । नेपाल भ्रमण गर्ने महिला पर्यटकहरुले औसतमा २५ दिन र पुरुष पर्यटकहरुले औसतमा २० दिन भ्रमण गर्ने गरेको पाईयो । यसैगरी सर्वेक्षणमा संलग्न पर्यटकहरुमध्ये पुरुष पर्यटकहरुको गण्डकी प्रदेशमा औसत बसाई अवधि ११ दिन र महिला पर्यटकहरुको १३ दिन रहेको देखियो ।


तालिका ३.५.१
लिङ्गका आधार औसत बसाई अवधि

| लिङ्ग | नेपालमा औसत बसाई अवधि (दिन) | गण्डकी प्रदेशमा औसत बसाई अवधि (दिन) |
|---|---|---|
| पुरुष | २०.१६ | १०.८१ |
| महिला | २५.३८ | १३.४७ |
| अन्य | ६०.०० | ५४.०० |
| औसत बसाई अवधि | २२.२३ | ११.९२ |

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

#### ३.५.२. उमेरका आधारमा औसत बसाई अवधि


सर्वेक्षणमा संलग्न पर्यटकहरुमध्ये ३१ देखि ४५ उमेर समूहका पर्यटकहरुको औसत बसाई अवधि उच्च (नेपालमा २५ दिन र गण्डकी प्रदेशमा १४ दिन ) रहेको देखियो । त्यसैगरी ५५ देखि बढी उमेर समूहका पर्यटकहरुको गण्डकी प्रदेशमा औसत बसाई अवधि सबैभन्दा न्यून (९ दिन) रहेको देखियो भने २० वर्षसम्म पर्यटकहरुको नेपालमा औसत बसाई अवधि सबैभन्दा न्यून (१९ दिन) रहेको पाईयो ।




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.५.३. महादेशगत औसत बसाई अवधि


यस सर्वेक्षणमा समावेश विभिन्न ६ महादेशबाट आएका पर्यटकहरुमध्ये दक्षिण अमेरिका महादेशबाट आएका पर्यटकहरुको औसत बसाई अवधि सबैभन्दा धेरै १९ दिन रहेको पाइयो भने सबैभन्दा कम औसत बसाई अवधि ९ दिन एसिया महादेशबाट आउने पर्यटकहरुको रहेको पाईयो । सबैभन्दा बढी र कम राष्ट्रिय औसत बसाई अवधि भने क्रमश : २८ दिन र १६ दिन रहेको छ ।




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.५.४. जिल्लागत  औसत बसाई अवधि


यस सर्वेक्षणमा गण्डकी प्रदेशका विभिन्न ६ जिल्लाबाट नमूना संकलन गरिएकोमा मनाङ जिल्लामा भेटिएका पर्यटकहरुको गण्डकी प्रदेशमा औसत बसाई अवधि सबै भन्दा धेरै (१८ दिन) र गोरखा जिल्लामा भेटिएका पर्यटकहरुको गण्डकी प्रदेशमा औसत बसाई अवधि सबभन्दा न्यून (४ दिन) रहेको पाईयो ।




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.६. बसाईको अनुभव

यस अध्ययनका क्रममा गण्डकी प्रदेशमा आउने पर्यटकहरुको प्रदेशमा बसाईको अनुभवप्रतिको दृष्टिकोण विश्लेषण गर्दा ६० प्रतिशत पर्यटकहरु एकदमै सकारात्मक रहेको पाइयो भने ३४.७५ प्रतिशत सकारात्मक, ५ प्रतिशत तटस्थ र ०.२५ प्रतिशत नकारात्मक रहेको पाइयो । साथै, यस सर्वेक्षणबाट एकदमै नकारात्मक बसाई अनुभव भएका पर्यटकहरु नरहेको पाइयो ।




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

यस सर्वेक्षणमा ८७ प्रतिशत पर्यटकहरुले आफ्नो बसाई अवधिमा गण्डकी प्रदेशबाट लिन सकिने सम्पूर्ण आनन्द लिन सकेको पाईयो भने बाँकी १३ प्रतिशतले भने पूर्ण आनन्द लिनका लागि थप बसाई अवधिआवश्यक पर्ने बताए । यसका साथै, औसतमा आफ्नो बसाई अवधिमा २३ दिन थप गर्न सके मात्र गण्डकी प्रदेशबाट लिन सकिने सम्पूर्ण आनन्द लिन सक्ने देखियो ।

### ३.७. पर्यटकले भोगेका समस्या र चुनौती

यस अध्ययनका क्रममा गण्डकी प्रदेशमा आउने पर्यटकहरुले विभिन्न समस्याहरु जस्तै भाषागत समस्या, पर्यटन सुचनाको कमी, यातायातको समस्या, सुरक्षाको समस्या इत्यादि भोग्नु परेको देखियो । यस सर्वेक्षणमा केही पनि समस्या अनुभव नगरेका पर्यटकहरु सबैभन्दा धेरै २८.४१ प्रतिशत पाइयो भने यातायातको समस्या भोगेका पर्यटक २३.११ प्रतिशत, भुक्तानीको समस्या भोगेका पर्यटकहरु १५.३४ प्रतिशत र भाषागत समस्याहरु पाएका पर्यटकहरु १२.३१ प्रतिशत रहेको पाइयो । त्यस्तै पर्यटकहरुले अन्य समस्याहरु जस्तै फोहोरको अव्यवस्थापन, उच्च भिसा लागत, ठगी, इन्टरनेटको समस्या, धर्मशालामा बस्ने कोठाहरुको कमी, विमानस्थलमा लामो समय कुर्नु परेको समस्या, पूर्वाधारको कमी लगायतका समस्याहरु भोग्नु परेको अध्ययनको क्रममा पाइयो ।

तालिका ३.७

समस्या र चुनौतीहरु

| विवरण | पर्यटकको संख्या | प्रतिशत |
|---|---|---|
| भाषागत समस्या | ६५ | १२.३१ |
| पर्यटन सुचनाको कमी | ३४ | ६.४४ |
| यातायातको समस्या | १२२ | २३.११ |
| सुरक्षा समस्या | २१ | ३.९८ |
| भुक्तानी | ८१ | १५.३४ |
| सास्कृतिक फरकपन | २९ | ५.४९ |
| अन्य | २६ | ४.९२ |
| समस्या नभएको | १५० | २८.४१ |
| कुल | ५२८ | १०० |

*** पर्यटकहरुले एक भन्दा बढी समस्याहरु भोग्नु परेकोले सर्वेक्षणमा संलग्न पर्यटकको संख्या बढी देखिएको ।**

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.८. भ्रमणको तरिका

गण्डकी प्रदेशमा आउने पर्यटकहरु कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय ट्राभल कम्पनीमार्फत प्याकेज लिएर वा स्वतः स्फुर्त रुपमा घुम्ने र खर्च गर्ने गरी आउने गरेको पाइयो । यसरी आउने पर्यटकहरुमध्ये स्वतः स्फुर्त रुपमा आउने पर्यटकहरुको अंश ७६ प्रतिशत र प्याकेज टुर्समा आउने पर्यटकहरुको अंश २४ प्रतिशत रहेको पाइयो । साथै, राष्ट्रिय ट्राभल कम्पनीमार्फत प्याकेज पर्यटकहरुको अंश ५३.१२ प्रतिशत र अन्तर्राष्ट्रिय ट्राभल कम्पनीमार्फत प्याकेज लिने पर्यटकहरुको अंश ४६.८८ प्रतिशत रहेको देखियो ।

तालिका ३.८

पर्यटकहरुको भ्रमणको तरिका

| विवरण | प्याकेज टुर्स | स्वतः स्फुर्त भ्रमण | कुल |
|---|---|---|---|
| पुरुष | ६७ | १८४ | २५१ |
| महिला | २९ | ११९ | १४८ |
| अन्य | ० | १ | १ |
| कुल | ९६ | ३०४ | ४०० |
| प्रतिशत | २४ | ७६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.९. पर्यटकहरुको खर्च प्रवृत्ति

यस अध्ययनमा गण्डकी प्रदेशमा भ्रमण गर्ने पर्यटकहरुले विभिन्न शिर्षकमा गर्ने गरेको दैनिक औसत खर्चको प्रवृत्तिको विश्लेषण गरिएको छ । यस सर्वेक्षणमा समावेश कुल ४०० पर्यटकहरुमध्ये १६ पर्यटकहरुको प्रतिक्रिया असामान्य भएकाले उक्त १६ पर्यटकहरुको प्रतिक्रियालाई Outliers को रुपमा लिई कुल ३८४ पर्यटकहरुको प्रतिक्रियालाई नै शत प्रतिशत मानी विश्लेषण गरिएको छ । ती ३८४ पर्यटकहरुमध्ये भ्रमणको प्रकृतिका आधारमा दुई प्रकारका पर्यटकहरु (प्याकेज टुर्स र स्वतःस्फुर्त भ्रमण) को खर्चको प्रवृत्ति छुट्टाछुट्टै विश्लेषण गरिएको छ । अन्तर्राष्ट्रिय ट्राभल कम्पनी मार्फत भ्रमणको प्याकेज लिएर आउने पर्यटकको खर्चको प्रवृत्ति विश्लेषण गर्ने क्रममा प्याकेज रकमबाट औसत अन्तर्राष्ट्रिय उडान खर्चलाई घटाई दैनिक औसत खर्च विश्लेषण गरिएको छ ।

यसरी विश्लेषण गर्दा प्याकेज लिएर गण्डकी प्रदेश घुम्न आउने पर्यटकको औसत खर्च दैनिक रु ११,८६६.०९ (अमेरिकी डलर ८९.३१) रहेको पाइयो । त्यसैगरी स्वतः स्फुर्त रुपमा खर्च गर्ने गरी गण्डकी प्रदेश भ्रमण गर्न आउने पर्यटकहरुको दैनिक औसत खर्च रु ७,२१७.३१ (अमेरिकी डलर ५४.३२) रहेको पाइयो । यस सर्वेक्षणमा समावेश ३८४ पर्यटकहरुको भारित औसत दैनिक खर्च रु ८,३५५.२९ (अमेरिकी डलर ६२.८९) रहेको पाइयो ।

#### ३.९.१ पर्यटकहरुको शिर्षकगत खर्चको विश्लेषण

यस अध्ययनका क्रममा प्याकेज लिएर भ्रमण गर्ने पर्यटकहरुको शिर्षकगत खर्च विश्लेषण गर्न कठिनाई भएकाले शिर्षकगत खर्च विश्लेषण प्रयोजनार्थ स्वतः स्फुर्त रुपमा भ्रमण गर्ने पर्यटकहरुको खर्चको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्ने क्रममा कुल दैनिक खर्चमा पर्यटकहरुको सबैभन्दा बढी खर्च खानामा २८.२२ प्रतिशत पाइयो भने बसाईमा २७.६ प्रतिशत, यातायात खर्चमा २१.७ प्रतिशत र मनोरञ्जनमा १२.३ प्रतिशत पाइयो ।

तालिका ३.९.१

पर्यटकहरुको खर्च प्रवृत्ति


| खर्च शिर्षक | खर्च रकम | प्रतिशत |
|---|---|---|
| बसाई खर्च | १९९१.७७ | २७.६ |
| खानपिन खर्च | २०३७ | २८.२२ |
| यातायात खर्च | १५६५.८ | २१.७ |
| मनोरञ्जन खर्च | ८८८.०८ | १२.३ |
| कर | १६१.३५ | २.२४ |
| धार्मिक खर्च | ८०.४१ | १.११ |
| किनमेल खर्च | ४१६.४६ | ५.७७ |
| अन्य खर्च | ७६.४३ | १.०६ |
| कुल | ७२१७.३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.९.२. उमेरका आधारमा खर्च प्रवृत्ति

यस अध्ययनमा यस प्रदेशमा आउने विभिन्न उमेर समुहका पर्यटकहरुको खर्च गर्ने प्रवृत्ति सम्बन्धमा विश्लेषण गरिएको छ । यस प्रदेशमा आउने पर्यटकहरुमध्ये ४६ देखि ५५ उमेर समुहका पर्यटकहरुको बसाई खर्च, खानपिन खर्च र धार्मिक खर्च क्रमशः ३२.४९ प्रतिशत, २९.२६ प्रतिशत र १.५७ प्रतिशत पाइयो जुन अरु उमेर समूहको भन्दा बढी हो । त्यस्तै, २० बर्ष सम्मको उमेर समूहको यातायात खर्च (२४.०७ प्रतिशत) र किनमेल खर्च (९.६५ प्रतिशत) सबैभन्दा बढी देखिएको छ । २१ देखि ३० बर्ष उमेर समूहको पर्यटकहरुको मनोरञ्जन खर्च (१८.०७ प्रतिशत) र अन्य खर्च (३.३५ प्रतिशत) अन्य उमेर समूहको भन्दा बढी रहेको पाइयो ।

चार्ट ३.९.२
उमेरगत खर्च प्रवृत्ति





*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.९.३. लिङ्गका आधारमा खर्चको प्रवृत्ति

यस प्रदेशमा आउने पर्यटकहरुमध्ये पुरुष पर्यटकको बसाई खर्च (२८.८७ प्रतिशत), धार्मिक खर्च (१.५० प्रतिशत) र अन्य खर्च (१.४० प्रतिशत) महिला पर्यटकको तुलनामा बढी पाइयो । साथै, महिला पर्यटकहरुको खानपिन खर्च (२८.५५ प्रतिशत), यातायात खर्च (२३.६१ प्रतिशत), मनोरञ्जन खर्च (१२.७८ प्रतिशत) र किनमेल खर्च (६.१२ प्रतिशत) पुरुष पर्यटकको तुलनामा बढी रहेको पाइयो ।

चार्ट ३.९.३
लैङ्गिक आधारमा खर्च प्रवृत्ति




*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.९.४. महादेशगत खर्चको प्रवृत्ति

यस अध्ययनमा यस प्रदेशमा आउने पर्यटकहरुमध्ये महादेशका आधारमा खर्चको प्रवृत्ति सम्बन्धमा विश्लेषण गरिएको छ । यस प्रदेशमा आउने पर्यटकहरुमध्ये उत्तर अमेरिका महादेशबाट आउने पर्यटकहरुको बसाई खर्च (३०.०६ प्रतिशत) र यातायात खर्च (२६.७६ प्रतिशत) अन्य महादेशको तुलनामा बढी देखिएको छ। दक्षिण अमेरिका महादेशबाट आउने पर्यटकहरुको खानपिन खर्च (४०.८८ प्रतिशत), कर (१५.४३ प्रतिशत) र किनमेल खर्च (७.७१ प्रतिशत) अन्यको तुलनामा धैरै देखिएको छ । साथै, मनोरञ्जन खर्च (१५.८ प्रतिशत) मा युरोप महादेश, धार्मिक खर्चमा (२.०२ प्रतिशत) एशिया महादेश र अन्य खर्चमा (१.३ प्रतिशत) अष्ट्रेलिया महादेशबाट आउने पर्यटकहरुको बढी पाइयो ।

तालिका ३.९.४
महादेशगत पर्यटकको खर्च प्रवृत्ति

प्रतिशतमा खर्च

| खर्च शिर्षक/महादेश | एशिया | युरोप | उत्तर अमेरिका | दक्षिण अमेरिका | अष्ट्रेलिया |
|---|---|---|---|---|---|
| बसाई खर्च | २९.६४ | २५.६३ | ३०.०६ | १०.२२ | २७.१३ |
| खानपिन खर्च | २४.७४ | ३०.९२ | २७.५८ | ४०.८८ | २८.८९ |
| यातायात खर्च | २५.८६ | १७.४ | २६.७६ | १४.४५ | २१.४१ |
| मनोरञ्जन खर्च | ८.७१ | १५.८ | ७.१८ | ११.३१ | १५.२ |
| कर | १.१७ | २.७८ | २.०५ | १५.४३ | २.३१ |
| धार्मिक खर्च | २.०२ | ०.७८ | ०.२५ | ० | ०.१६ |
| किनमेल खर्च | ६.६४ | ५.६५ | ५.६४ | ७.७१ | ३.६ |
| अन्य खर्च | १.२२ | १.०४ | ०.४८ | ० | १.३ |
| कुल | १०० | १०० | १०० | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.१०. भुक्तानीको माध्यम

यस सर्वेक्षणमा संलग्न पर्यटकहरुमध्ये नगदको माध्यमबाट ९४.९३ प्रतिशत पर्यटकले, कार्डको माध्यमबाट ४.९७ प्रतिशत पर्यटकले र मोबाइल वालेटको माध्यमबाट ०.१० प्रतिशत पर्यटकले विभिन्न खर्चका लागि भुक्तानी गर्ने गरेको पाईयो । यसैगरी खर्चगत रुपमा विश्लेषण गर्दा बसाई खर्चको भुक्तानीका लागि सबैभन्दा धेरै ८७.८० प्रतिशत पर्यटकले नगदका माध्यमबाट, ११.९ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट र ०.३० प्रतिशत पर्यटकले मोबाइल वालेटका माध्यमबाट भुक्तानी गर्ने गरेको पाईयो । खानपिन खर्चको भुक्तानीका लागि सबैभन्दा धेरै ९१.४४ प्रतिशत पर्यटकले नगदका माध्यमबाट र ८.२६ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट भुक्तानी गर्ने गरेको पाईयो । त्यसैगरी यातायात खर्चको भुक्तानीका लागि सबैभन्दा धेरै ९६.६१ प्रतिशत पर्यटकले नगदका माध्यमबाट र ३.३९ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट भुक्तानी गर्ने गरेको देखियो । पर्यटकले गर्ने गरेका विभिन्न पर्यटकीय क्रियाकलापका लागि भुक्तानी गर्ने क्रममा ९८.१६ प्रतिशत पर्यटकले नगदका माध्यमबाट र १.८४ प्रतिशत पर्यटकले कार्डका माध्यमबाट भुक्तानी गर्ने गरेको पाईयो । यसैगरी पर्यटकहरुले तिर्ने राजश्वमा पनि सबैभन्दा धेरै ९८.०२ प्रतिशत पर्यटकले नगदकै मार्फत भुक्तानी गर्ने गरेको पाईयो । यसरी विभिन्न खर्चको भुक्तानी गर्दा नगद नै बढी प्रयोग हुनुको कारणहरुमा Card Reading मेसिन सबै ठाउँमा सहजै उपलब्ध नहुनु, भएकाले पनि सबै कार्ड स्वीकार नगर्नु, कमिसन शुल्क धेरै हुनु, कार्डबाट नगद निकाल्ने सीमा थोरै हुनु, सबै ठाउँमा अनलाईन भुक्तानी गर्न नसक्नु, E-Payment को Settlement मा ढिलाई हुनु, कार्डको माध्यमबाट भुत्तानी गर्दा वस्तु तथा सेवाको मूल्य नै बढी तिर्नुपर्ने आदि मुख्य कारणहरु पाईयो ।

तालिका ३.१०
भुक्तानीको माध्यम

| भुक्तानीको माध्यम | बसाई खर्च | खानपिन खर्च | यातायात खर्च | पर्यटकीय क्रियाकलाप | कर | अन्य खर्च | औसत |
|---|---|---|---|---|---|---|---|
| नगद | ८७.८० | ९१.४४ | ९६.६१ | ९८.१६ | ९८.०२ | ९७.५६ | ९४.९३ |
| कार्ड | ११.९० | ८.२६ | ३.३९ | १.८४ | १.९८ | २.४४ | ४.९७ |
| मोबाइल वालेट | ०.३० | ०.३१ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.१० |
| जम्मा | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०८०) ।*

### ३.११. पर्यटकहरुले प्रदान गरेका सुझावहरु

यस अध्ययनका क्रममा गण्डकी प्रदेशको सुन्दर प्राकृतिक दृश्य, दयालु, सहयोगी र हँसिला मानिस, चम्किला हिमाल, प्रकृति, वातावरणीय स्वच्छता, कला, संस्कृति, धार्मिक तथा सास्कृतिक विविधता, भौगोलिक बनावट, गाँउले जीवन, कृषि जीवन, वन्यजन्तु गतिविधि आदि पर्यटकलाई मनपर्ने गरेको पाईयो । यसका साथै पर्यटन क्षेत्रलाई थप आकर्षित गर्नका लागि देहाय बमोजिमका सुझावहरु प्राप्त भएका छन् ।

- सडकको अवस्थामा सुधार गर्नुपर्ने ।
- स्थिर तथा सहज ट्याक्सी महशुलको व्यवस्था गर्नुपर्ने ।
- ट्याक्सी चालकले ग्राहक बोलाउन गर्ने दुर्व्यवहारको अन्त्य गर्नुपर्ने ।
- उचित फोहोर व्यवस्थापन गर्नुपर्ने ।
- ट्राफिकको उचित व्यवस्थापन गर्नुपर्ने ।
- सहज तथा प्रभावकारी पर्यटकीय सूचना प्रणालीको विकास गर्नुपर्ने ।
- अङ्ग्रेजी भाषा वा रोमन संकेतमा पर्यटकमैत्री बोर्डहरु राख्नुपर्ने ।
- नगद रहित भुक्तानी प्रणालीमा जोड दिनुपर्ने ।
- कार्ड प्रयोग गर्दा लाग्ने कमिसन शुल्क कम गर्नुपर्ने ।
- सहज मुद्रा सटही सुविधाको व्यवस्था गर्नुपर्ने।
- Card Reading मेसिन सबै ठाउँमा सहजै उपलब्ध हुनुपर्ने ।
- गुणस्तरीय होटल, सहज बाटो ,सार्वजनिक शौचालय, ग्रामिण क्षेत्रमा इन्टरनेट जस्ता पर्यटकीय पूर्वाधारमा जोड दिनुपर्ने ।
- पदयात्रा मार्गहरुबाट सडक सञ्जाल भिन्न हुनुपर्ने ।

- मुस्लिमहरुका लागि होटल र खानाको सहज उपलब्धता हुनुपर्ने ।
- मौसमको पूर्वानुमानको जानकारी हुनुपर्ने ।
- विभिन्न ठाँउहरुमा धर्मशाला खोल्नुपर्ने र पर्याप्त कोठाको व्यबस्था हुनुपर्ने ।
- पर्यटकीय क्षेत्रहरुको अन्तर्राष्ट्रिय रुपमा प्रचारपसार गर्नुपर्ने ।
- पर्वतकीय पर्यटन प्रवर्द्धन गर्नुका साथै आरोहण नगरेका हिमालहरुमा आरोहण गर्न प्रोत्साहन गर्नुपर्ने ।
- उच्च मूल्य तिर्न सक्ने पर्यटकहरु काठमाडौंमा मात्र सिमित भएको परिपेक्ष्यमा त्यस्ता पर्यटकहरुलाई गण्डकी प्रदेशमा आकर्षित गर्न थप पहल गर्नुपर्ने ।
- निजी क्षेत्रलाई भन्दा सरकारी क्षेत्रको जिम्मेवारीमा बढाउनुपर्ने ।
- भाषा समस्याका कारण चाइनिज गाइडको व्यवस्था गर्नुपर्ने ।

# परिच्छेद ४

# निष्कर्ष तथा सुझावहरु

## ३.१. निष्कर्ष

गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरुको औसत बसाई अवधि, शिर्षकगत खर्चको प्रवृत्ति र भुक्तानीका माध्यमको विश्लेषण गर्नुका साथै पर्यटकहरुले सामना गर्नुपरेका कठिनाइहरुको पहिचान गर्ने मुख्य उद्देश्य लिएर यो अध्ययन गरिएको हो । सर्वेक्षणबाट प्राप्त तथ्यांकलाई विश्लेषण गर्दा यस अध्ययनको नतिजाले पर्यटनका हिसावले प्रचुर सम्भावना बोकेको गण्डकी प्रदेशको आर्थिक विकास तथा रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको योगदान थप बलियो बनाउन पर्यटक केन्द्रीत नीति निर्माण तथा पर्यटक लक्षित कार्यक्रमहरु संचालन गर्न थप टेवा पुग्ने देखिन्छ ।

यस सर्वेक्षणमा संलग्न गण्डकी प्रदेश भ्रमण गर्ने पर्यटकहरूको नेपालमा औसत बसाई अवधि २२ दिन रहेको पाइयो भने गण्डकी प्रदेशमा औसत बसाई अवधि १२ दिन रहेको पाईयो । उक्त सर्वेक्षणमा संलग्न पर्यटकहरुको नेपालको औसत बसाईको तुलनामा गण्डकी प्रदेशको औसत बसाई ५४.५५ प्रतिशत रहेकाले पर्यटकीय गतिविधिहरु थप गर्नुका साथै आवश्यक पूर्वाधारको विकास गरी बसाई अवधि लम्ब्याउन सकिने देखिन्छ ।

यस अध्ययनबाट गण्डकी प्रदेशमा भ्रमण गर्ने पर्यटकहरुको भारित औसत दैनिक खर्च रु ८,३५५.२९ (अमेरिकी डलर ६२.८९) रहेको पाईएको छ । औसत दैनिक खर्चलाई खर्चगत रुपमा विश्लेषण गर्दा पर्यटकहरुले सबैभन्दा बढी खर्च खानामा २८.२२ प्रतिशत र सबैभन्दा कम खर्च अन्य गतिविधिका लागि १.०६ प्रतिशत गरेको पाईयो । यसका साथै, बसाईमा २७.६ प्रतिशत, यातायात खर्चमा २१.७ प्रतिशत, मनोरञ्जनमा १२.३ प्रतिशत, किनमेलमा ५.७७ प्रतिशत, कर २.२४ प्रतिशत, धार्मिक खर्च १.११ प्रतिशत खर्च हुने देखिएको छ ।

भुक्तानीका माध्यमका प्रयोगको विश्लेषण गर्दा यस सर्वेक्षणमा संलग्न पर्यटकहरुमध्ये नगदको माध्यमबाट ९४.९३ प्रतिशत पर्यटकले, कार्डको माध्यमबाट ४.९७ प्रतिशत पर्यटकले र मोबाइल वालेटको माध्यमबाट ०.१० प्रतिशत पर्यटकले विभिन्न खर्चका लागि भुक्तानी गर्ने गरेको पाईएको छ । यसका साथै, भुक्तानीका माध्यमका रुपमा कार्ड र मोबाइल वालेटको प्रयोग निकै न्यून हुनुको कारणहरुमा Card Reading मेसिन सबै ठाउँमा सहजै उपलब्ध नहुनु, भएकाले पनि सबै कार्ड स्वीकार नगर्नु, कमिसन शुल्क धेरै हुनु, कार्डबाट नगद निकाल्ने सीमा थोरै हुनु, सबै ठाउँमा अनलाईन भुक्तानी गर्न नसक्नु, E-Payment को Settlement मा ढिलाई हुनु, कार्डको माध्यमबाट भुक्तानी गर्दा वस्तु तथा सेवाको मूल्य नै बढी तिर्नुपर्ने आदि मुख्य कारणहरु पाईयो । त्यसैले, उल्लिखित समस्याहरुको न्यूनीकरणका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक र अन्य सरोकारवाला निकायले नगद रहित भुक्तानीलाई प्राथमिकतामा राखेर पर्यटकमैत्री नीति अवलम्बन गर्न जरुरी देखिन्छ ।

यस अध्ययनले गण्डकी प्रदेशमा आउने पर्यटकहरुले सामना गर्नुपरेका कठिनाइहरुको पहिचान गर्न सफल भएको छ । सर्वेक्षणमा समावेश पर्यटकहरुमध्ये केही पनि समस्या अनुभव नगरेका पर्यटकहरु सबैभन्दा धेरै २८.४१ प्रतिशत भएतापनि बाँकी ७१.५९ प्रतिशत पर्यटकहरुले विभिन्न समस्याहरु जस्तै भाषागत समस्या, पर्यटन सूचनाको कमी, यातायातको समस्या, सुरक्षाको समस्या, भुक्तानीमा समस्या, सास्कृतिक फरकपना निम्त्याएको समस्या इत्यादि भोग्नु

परेको पाईयो । यस सर्वेक्षणमा यातायातको समस्या भोगेका पर्यटक २३.११ प्रतिशत, भुक्तानीको समस्या भोगेका पर्यटकहरु १५.३४ प्रतिशत, भाषागत समस्याहरु पाएका पर्यटकहरु १२.३१ प्रतिशत, पर्यटन सूचनाको कमीका कारण समस्यामा परेका ६.४४ प्रतिशत, सास्कृतिक फरकपना निम्त्याएको समस्या भएका ५.४९ प्रतिशत, सुरक्षाको समस्या भएका ३.९८ प्रतिशत र अन्य समस्या भोगेका पर्यटक ४.९२ प्रतिशत रहेको पाइयो । त्यस्तै पर्यटकहरुले अन्य समस्याहरु जस्तै फोहोरको अव्यवस्थापन, धेरै भिसा लागत, ठगी, इन्टरनेटको समस्या, धर्मशालामा बस्ने कोठाहरुको कमी, विमानस्थलमा लामो समय कुर्नु परेको समस्या, पूर्वाधारको कमी लगायतका समस्याहरु भोग्नु परेको अध्ययनको क्रममा पाइयो । उक्त समस्याहरुको पहिचानबाट सरोकारवाला निकायहरुले समस्या न्यूनीकरण गर्न सकेमा पर्यटकहरुको गण्डकी प्रदेश र समग्र नेपालप्रति कै दृष्टिकोण परिवर्तन हुने र बसाई अवधि समेत लम्बाउन सकिने देखिन्छ ।

### ३.२. सुझावहरु

यस अध्ययनमा सङ्कलन गरिएका तथ्यांकहरुलाई विश्लेषण गरी  प्राप्त निष्कर्षहरुको आधारमा यस प्रदेशमा पर्यटन क्षेत्रमा सुधार गर्न देहाय बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ ।

- यस प्रदेशमा आउने पर्यटकहरुले खानपिन र बसाईमा बढी खर्च गर्ने देखिएकाले नेपालको मौलिकता झल्किने खानपान तथा संस्कृतिमा जोड र सोको गुणस्तरमा अभिवृद्धि गर्नुका साथै होटलहरुको पहुँच तथा स्तर उन्नतिमा जोड दिनुपर्ने देखिएको छ । त्यसैगरी सम्भाव्य पर्यटकीय गन्तव्यहरुको पहिचान, विविध मनोरञ्जनात्मक क्रियाकलापको पहिचान, थप पदमार्गहरुको पहिचान, सुलभ यातायात सेवा, आध्यात्मिक पर्यटनमा जोड, पर्यटकीय क्षेत्रहरुमा हस्तकला तथा नेपालमा नै उत्पादित सामानहरुको प्रदर्शनी आदिमा जोड दिन सकेमा पर्यटकको दैनिक औसत खर्च र बसाई अवधि बढाउन सकिने देखिन्छ ।
- यस अध्ययनमा ४६.८८ प्रतिशत पर्यटकहरुले अन्तर्राष्ट्रिय ट्राभल कम्पनीमार्फत प्याकेज लिएर आउने गरेको देखिएको छ । पर्यटकहरुले अन्तर्राष्ट्रिय ट्राभल कम्पनीमार्फत प्याकेज लिनु भन्दा राष्ट्रिय ट्राभल कम्पनीमार्फतको प्याकेज लिदाँ धेरै विदेशी मुद्रा भित्र्याउन सकिने भएकाले नेपाल सरकार तथा सरोकारवाला निकायले राष्ट्रिय ट्राभल कम्पनीका प्याकेज सम्बन्धमा प्रवर्द्धनात्मक क्रियाकलापमार्फत् जोड दिन सकेमा देशमा विदेशी मुद्राको आप्रवाह बढाउन सहयोग पुग्ने देखिन्छ । साथै, यसबाट राजश्व वृद्धि पनि गर्न सकिन्छ ।
- अध्ययनमा गण्डकी प्रदेशमा पर्यटकहरुको औसत बसाई १२ दिन मात्र देखिएकाले बसाइ अवधि थप बढाउनुका लागि पर्यटकीय गतिविधिहरु बढाउनुपर्ने देखिन्छ ।
- यस अध्ययनमा २३.११ प्रतिशत पर्यटकहरुले सडकको समस्या, १५.३४ प्रतिशत पर्यटकहरुले भुक्तानीको समस्या, ६.४४ प्रतिशत पर्यटकहरुले पर्यटन सूचनाको कमी समस्या देखाएकाले नेपाल सरकार तथा सम्वद्ध निकायले सडक लगायतका पूर्वाधारहरुको विकासमा जोड दिनुपर्ने देखिएको छ। यसैगरीसमस्त सरोकारवाला निकायले भुक्तानीका लागि अन्तरदेशीय कार्डहरु प्रयोगको लागत कम गर्ने व्यवस्था मिलाउनु पर्ने देखिएको छ ।

- यसको अलावा, पर्यटन मन्त्रालय एवम् पर्यटन कार्यालयहरुले पर्यटकहरुलाई आवश्यक पर्यटकीय सूचनाहरुको उचित व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै, पर्यटकहरुको आर्थिक एवम् भौतिक सुरक्षाका लागि नेपाल सरकारले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।
- यस अध्ययनमा ३२ प्रतिशत पर्यटकहरु गण्डकी प्रदेशमा दोहोरिएर भ्रमणमा आउने गरेको देखिएकाले अझ बढी पर्यटकहरु दोहोरिएर आउने अवस्था सृजना गर्नका लागि नेपाल सरकारले पर्यटन प्रवर्द्धनमा जोड दिनु पर्ने देखिन्छ । साथै, अध्ययनको क्रममा अफ्रिकी महादेशबाट यस प्रदेशमा पर्यटकहरुको आगमन नपाइएकाले अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार वृद्धि गर्नुपर्ने देखिएको छ ।

# सन्दर्भ सामग्री (References)


Badal, B. P., & Kharel, S. (2019, June). Opportunities and Challenges of Tourism Industry in the context of visit Nepal 2020. *Tribhuvan University Journal, 67-80.* Retrieved from https://doi.org/10.3126/tuj.v33i1.28683

Bam, N. (2022). Analysis Of Tourists' Length Of Stay In Pokhara, Nepal. *Department of Applied Statistics and Research Methods, University of Northern Colorado, Greeley, Colorado, USA.*

Bryden, J., & Faber, M. (1971, March). Multiplying the Tourist Multiplier. *Social and Economic Studies, 20, 61-82.* Retrieved from https://www.jstor.org/stable/27856462

Dahal, A. R. (2019). Prospect and Problems of Tourism Development in Nepal : A Case Study on Bhaktapur Darbar Square. *Historical Journal, 11(1).*

Ghimire, R. P. (2009, January). Contemporary Issues of Tourism Development in Nepal. Retrieved from https://www.researchgate.net/publication/257142209

K.L. Chiu, I. R. (n.d.). Examining Young Malaysians Travel Behaviour and Expenditure Patterns in Domestic Tourism. *International Academic Research Conference*, 47-54.

Kumar, A. (2022). A study of Tourist Expenditure Pattern in Jammu and Kashmir. *17*, 167-202. https://elibrary.tucl.edu.np/bitstream/123456789/14496/2/chapter%20page.pdf

Lamsal, C. (2014). *Tourist Expenditure in Pokhara.* Retrieved from Tribhuvan University Central Library:

Loon, R. van, & Rouwendal, J. (2017). Travel purpose and expenditure patterns in city tourism: evidence from the Amsterdam Metropolitan Area. *Journal of Cultural Economics , 41(2), 109–127*. https://www.jstor.org/stable/10.2307/48698153

Luna-Cortés, G. (2021). Measuring Tourists' Stress in Colombia. *Tourism, 69(1), 32-46.* doi:https://doi.org/10.37741/t.69.1.3

Ministry of Finance, *Economic Survey* (2079/80). Gandaki Province.

Nepal tourism statistics (2022). Retrieved May 12, 2024, from https://www.tourism.gov.np/files/NOTICE%20MANAGER_FILES/Setting_Nepal%20Tourism%20Statistic_2022.pdf

Okulicz-Kozaryn, A., & Strzelecka, M. (2017, November). Happy Tourists, Unhappy Locals. *Social Indicators Research, 134, 789-804.* Retrieved from https://www.jstor.org/stable/10.2307/48715315

Sánchez, A.G, Rubio,E.F, & Collado, M. D. (2013*). Daily expenses of foreign tourists, length of stay and activities: evidence from Spain.* Tourism Economics, Volume 19(3), 613-630.

Shrestha, N. (2021) Probit Model Analysis of Tourists' Revisit Intention to Nepal. *Open Access Library Journal*, **8**, 1-14. doi: 10.4236/oalib.1107210.

Suttikun, C., Chang, H. J., Acho, C. S., Ubi, M. D., Bicksler, H., Komolsevin, R., & Chongsithiphol, S. (2018, April). Sociodemographic and travel characteristics affecting the purpose of selecting Bangkok as a topurist destination. *Tourism and Hospitality Research, 18, 152-162.* Retrieved from https://www.jstor.org/stable/10.2307/26409207

अनुसूची

Cluster:

# Nepal Rastra Bank

## Pokhara

## Survey on Length of Stay and Expenditure Pattern of Tourists visiting Gandaki Province

*This survey is conducted under the Nepal Rastra Bank Act, 2002 section (12) to collect information on the pattern of stay and expenditure of foreign tourists visiting Gandaki province of Nepal. Information collected via this survey will be treated as* ***strictly confidential*** *and will be used only for above mentioned purpose.*

### General Information

**Name** (optional): ………………………………

**Gender:** Male ☐ Female ☐ Others ☐

**Age (years):** Below 20 ☐ 21 to 30 ☐ 31 to 45 ☐ 46 to 55 ☐ Above 55 ☐

**Country of Residence:** …………………………

### Survey specific Information

**1. What is your purpose of visit:(Select one or more)?**

☐ Business ☐ Recreation ☐ Adventure Activities
☐ Cultural Exploration ☐ Religious ☐ Other (please specify): …….

**2. Is this your first visit to Nepal?**

☐ Yes ☐ No, Visited………times

**3. Travel Companion(s): ……………**Nos.………Male ………. Female

☐ None ☐ Family ☐ Friends ☐ Group Tour

**4. How long do you plan to stay in Nepal? …………. days**

5. **When did you arrive at this place (Pokhara)? How long do you plan to stay here?**
   Arrived in ………………. (date) and stay till ………………. (date)

6. **What was your last visited place during this trip in Nepal? How long did you stay there? ………………………  ……………..**

7. **What is your next travel destination in Nepal? How long do you plan to stay there?**
   **…………………………  ……………**

8. **How would you describe your overall experience during this trip?**
   ☐ Very Positive ☐ Positive ☐ Neutral
   ☐ Negative ☐ Very Negative

9. **What challenges/ difficulties did you face while in Nepal? (Select one or more)**
   ☐ Language barriers ☐ Lack of tourist information
   ☐ Cultural differences ☐ Safety concerns
   ☐ Transportation issues ☐ Payment Difficulties
   ☐ Other (please specify): ……………. ☐ None

10. **What kind of difficulty did you face while making the payment?**

    ……………………………………………………..................................................

11. **Are you here in Package tour or Self visit? If Package tour, please specify amount paid for the package ………….**

12. **If it is a package tour, what type of package is it?** ☐ International ☐ National

13. **What does the package include? (Select one or more)**
    ☐ International Air Fare ☐ National Air Fare ☐ Food and Beverage
    ☐ Accommodation ☐ Local transportation ☐ Activities Charges
    ☐ Supporter Charges ☐ Entrance Fees
    ☐ Other (please specify): …….

**14. What is your average daily/weekly expenditure in this trip and how is it distributed among different headings?**

| S.N. | Expenditure Headings | Average Expenditure (NPR/ USD) | | Mode of Payment | | | |
|---|---|---|---|---|---|---|---|
| | | **Daily** | **Whole trip** | ***Cash*** | ***Card*** | ***Mobile Wallet*** | ***Others*** |
| i) | Accommodation | | | | | | |
| ii) | Food and Beverage | | | | | | |
| iii) | Transportation | | | | | | |
| iv) | Activities<br>• Trekking<br>• Mountaineering<br>• Religious Activities<br>• Recreational Activities<br>• Shopping<br>• Yoga and Wellness<br>• Others | | | | | | |
| v) | Tax and Travel Permit | | | | | | |
| vi) | Others | | | | | | |

**15. Was your stay sufficient / will be sufficient to fully experience and enjoy the destination?**

☐ Yes ☐ No

**If No, Number of additional day required**..................

**16. Do you have any additional comments or suggestions to improve tourist impression of Gandaki Province of Nepal?**

.........................................................................................................................

**17. What do you like the most about Gandaki Province?**

**.........................................................................................................................**

***Thank you for participating in this survey! Your input is invaluable for our research and improving tourism in this region.We wish you a pleasant stay here in Nepal.***

For Official Use Only:

Name of the Employee Administering the Questionnaire : ...............Date..................

Interview Duration : .........................................Signature: ........................